# स्वास्थ्य विकास साझेदार संस्थाहरुले आ.व. २०७९/८० मा गण्डकी प्रदेशमा पुऱ्याएको योगदानको संक्षिप्त विवरण

## विश्व स्वास्थ्य सङ्गठन (WHO) नेपाल

World Health Organization
Nepal

**संक्षिप्त परिचयः**

विश्व स्वास्थ्य सङ्गठन (WHO) विश्वका देशहरूका स्वास्थ्य सम्बन्धी समस्याहरूमाथि आपसी सहयोग एवं मानक विकसित गर्न ७ अप्रैल १९४८ स्थापना मा गरिएको युक्त राष्ट्रको एउटा अनुषांगिक एकाई हो।यो संस्था अन्तर्गत १९३ सदस्य देश मध्य नेपाल पनि एक सदस्य देश हो। विश्व स्वास्थ्य सङ्गठनले नेपाल सरकार (GoN) लाई ६० वर्ष भन्दा बढी समयदेखि सबै मानिसहरूको लागि असल स्वास्थ्य प्राप्त गर्न प्राविधिक सहयोग गर्दछ। यस संस्थाले Nepal—WHO Country Cooperation Strategy ले तय गरेका रणनीतिक प्रथमिकताहरुलाई आत्मसाथ गर्दै समग्र स्वास्थ्य क्षेत्रमा प्राविधिक सहायता प्रदान गर्दै आइरहेको छ।

**भौगोलिक कार्यक्षेत्रः** गण्डकी प्रदेशका सम्पूर्ण जिल्लाहरु

**बिषयगत कार्यक्षेत्रः**

१. स्वास्थ्य प्रणाली सुदृढीकरण
२. खोपद्वारा रोकथाम गर्न सकिने रोगहरु सम्बन्धी कार्यक्रम
३. आपतकालिन स्वास्थ्य कार्यक्रम
४. नसर्ने तथा मानसीक रोग

**कार्यक्रमका लक्षित समुहः** नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले तय गरेका लक्षित समुहहरु

**आ.व. २०७९/८० मा सम्पादित कार्यक्रम तथा उपलब्धीहरुः**

**१.१ स्वास्थ्य प्रणाली सुदृढीकरण (Health Systems Strengthening)**

- स्वास्थ्य सम्वन्धी बिभिन्न नीतिगत तथा कानुनी दस्तावेजहरु निर्माणमा प्राविधिक सहयोग तथा स्वास्थ्यका सवालहरुमा पैरवी,
- गण्डकी प्रदेशका अस्पतालहरुमा हेमोडाईलाइसिस सेवा बिस्तार सम्बन्धी अध्ययन तथा प्रतिवेदन निर्माणमा प्राविधिक सहयोग
- गण्डकी प्रदेशका अस्पतालहरुको स्तरोन्नती सम्बन्धी अध्ययन तथा प्रतिवेदन निर्माणमा प्राविधिक सहयोग

- राष्ट्रिय योजना आयोगमा बिशेष अनुदान कार्यक्रमको प्रस्तावना मस्यौदा लेखनमा प्राविधिक सहयोग
- प्रदेश स्वास्थ्य तालिम रणनीति २०८०-८७ निर्माणमा प्राविधिक सहयोग
- बार्षिक नीति तथा कार्यक्रम, बार्षिका कार्यक्रम तथा बजेट तथा बार्षिक कार्यसञ्चालन मापदण्ड निर्माणमा प्राविधिक सहयोग,
- प्रदेशिक बार्षिक समिक्षा तथा प्रतिवेदन निर्माण, गण्डकी प्रदेश कार्यदिशा तथा असल अभ्यासको अभिलेखिकरणमा प्राविधिक सहयोग,
- अस्पताल व्यवस्थापन समितीलाई अभिमुखिकरण स्रोत सामाग्री निर्माण तथा अभिमुखिकरणमा प्रविधिक सहजिकरण तथा सहयोग,
- ***Climate Resilient Water Safety Plan*** तालिम सञ्चालनको लागि आर्थिक तथा प्राविधीक सहयोग
- *प्रादेशिक खानेपानी गुणस्तर निगरानी समिति* गठन तथा समितिको अभिमुखिकरणका लागि प्राविधीक सहयोग
- बडिगाढ गाउँपालिकामा एक दिने स्वास्थ्य प्रणाली सुदृढीकरण तथा योजना तर्जुमा कार्यशाला गोष्ठीमा सहजिकरण तथा प्राविधीक सहयोग
- गण्डकी प्रदेशका स्थानीय तहहरु बीच दुई दिवसीय नवप्रवर्तनात्मक स्वास्थ्य कार्यक्रम सम्बन्धी अन्तरकृया तथा कार्यशाला गोष्ठीमा सहजिकारण तथा प्राविधिक सहयोग
- पाँच दिवसीय ***"R programming for Managers"*** तालिम सञ्चालनको लागि प्रशिक्षक उपलब्ध गराईएको
- ***Public Health Analytics*** तालिममा प्रशिक्षक उपलब्ध गराईएको
- विकास साझेदार तथा संयुक्त  राष्ट्रसंघीय संस्थाहरुको सम्पर्क व्यक्तीको (Focal Point) रुपमा समन्वय
- आधारभुत तथा आपतकालिन स्वास्थ्य सेवा सम्बन्धी कक्षा ९ र १० को पाठ्यक्रमको मस्यौदा निर्माणमा प्राविधिक सहयोग
- प्रादेशिक यौन तथा प्रजनन स्वास्थ अधिकार प्राबिधिक कार्य समितिको बैठकमा सहभागिता तथा प्रविधिक सहयोग
- ***Country Cooperation Strategy (CCS)*** अपडेट गर्नको लागी ***WHO country office*** का प्रतिनिधी र स्वास्थ्य सचिव, महानिर्देशक लगायत उच्च पदस्थ अधिकारीहरुसँग अन्तरकृया तथा सुझाव संकलनमा सहजिकरण

### १.२ खोपद्वारा रोकथाम गर्न सकिने रोगहरु सम्बन्धी कार्यक्रम (Immunization Preventable Diseases)

- पोलियो, दादुरा, जापनिज इन्सेफ्लाइटिस र मातृ तथा नव शिशु धनुष्टंकार रोगको सर्भिलेन्स (VPD Surveillance) निरन्तरता
- पोलियो उन्मुलन, दादुरा, रुवेला तथा नव शिशु तथा मातृ धनुष्टङ्कार रोगको निवारण एवं जे.ई. नियन्त्रणमा प्राविधिक सहयोग
- खोपसम्बन्धी स्वास्थ्यकर्मीहरुको क्षमता बृद्धिको लागि प्राविधिक सहयोग तथा नियमित खोप कार्यक्रमको अनुगमन
- खोपद्धारा रोकथाम गर्न सकिने रोगहरुको खोजपडताल, ब्यवस्थापन तथा महामारी प्रतिकार्यमा सहयोग
- शून्य डोज र खोप छुट बालबालिकाहरू पहिचान गर्न Independent monitor परिचालन गरिएको
- कोभिड -१९ खोप कार्यक्रममा प्राबिधिक सहयोग
- खोपको गुणस्तर कायम राख्न नयाँ नियुक्त स्वास्थ्यकर्मीहरुलाई तालिम प्रदान
- वालवालकिाहरुको लाइनलिष्टीङ्ग गरी खोपको मात्रा पुरा गरेको सुनिश्चितता
- गण्डकी प्रदेश खोप कोषको स्थापना गरि निरन्तर कोषमा रकम जम्मा गरिएको
- देशका अन्य प्रदेशहरुमा दादुरा रोगको outbreak भईरहँदा गण्डकी प्रदेशमा खोपको उच्च प्रगति तथा द्रुत Vaccine preventable रोगहरूको सर्भिलेन्सका कारण त्यस्तो अवस्था नआएको

### १.३ आपतकालिन स्वास्थ्य कार्यक्रम (Health Emergency)

- बिभिन्न रोगहरुको निगरानी, उपचार तथा व्यवस्थापनमको लागि अस्पताल र स्वास्थ्य कार्यालयहरूमा स्रोतहरूको क्षमता मूल्याङ्कन सञ्चालन गर्न प्राविधिक सहयोग
- जोखिम संचार तथा सामुदायिक संलग्नता (Risk Communication and Community Engagement ) सम्बन्धी कार्यमा प्राविधिक सहयोग
- प्रदेश स्वास्थ्य आपतकालिन कार्यसञ्चानल केन्द्र मार्फत भएका क्रियाकलापमा प्राविधिक सहयोग तथा सहजिकारण
- विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत जुनोटिक र सरुवा रोगहरूको अभिमुखीकरणमा प्राविधिक सहयोग ।

- स्वास्थ्य क्षेत्र र आपतकालिनका लागि अस्पताल आकस्मिक योजनाहरूको मूल्याङ्कन गर्न प्राविधिक सहयोग
- हब तथा स्याटेलाइट अस्पताल सुदृढीकरणको लागि अस्पतालहरूको संसाधन नक्शाकंन, अस्पताल विपद् पूर्वतयारी र प्रतिकार्य योजना (HDPRP) को कार्यशाला तथा बैठक सञ्चालन गर्न प्राविधीक सहयोग तथा सहजिकरण
- संक्रमण रोकथाम र नियन्त्रण (IPC) सम्बन्धी अभिमुखीकरण र प्रशिक्षणको लागि आबस्यक स्रोत सामग्रीहरू विकास गर्न प्राविधिक सहयोग
- WHO द्वारा सहयोग गरिएको संक्रामक र सरुवा रोग अस्पताल (ICDH) मा EMR उपकरण हस्तान्तरण तथा सफ्टवयर जडान
- प्रदेश भित्र देखा परेका Outbreaks को प्रमाणीकरण गर्न सहयोग
- निजी अस्पतालहरूबाट डेंगु केसको प्रमाणीकरण र EWARS मा यसको रिपोर्टिङ सुनिश्चिताको लागी निजी अस्पतालहरुसँग समन्वय
- स्वासथ्य आपतकाल पुर्व तयारी तथा प्रतिकार्य सम्बन्धी योजना निर्माण, अनुगमन तथा समीक्षा कार्यका लागि प्राविधिक सहयोग
- अस्पताल, प्रयोगशाला, र पोइन्ट अफ एन्ट्री (POE) मा IMU Nepal को तालिम सञ्चालन गर्न स्वास्थ्य निर्देशनालयलाई सहयोग
- प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र (PHEOC) मार्फत दैनिक रुपमा प्रकाशन हुने महामारी तथा स्वास्थ्य विपद सम्बन्धी दैनिक संक्षिप्त विवरणको लागी दैनिक तथ्याङ्क संकलन तथा ब्यव्थापन गर्न सहयोग

**१.४ नसर्ने रोग तथा मानसीक स्वास्थ्य कार्यक्रम ( NCD and Mental Health )**

- विभिन्न जिल्लाहरूमा पेन तथा मानसिक स्वास्थ्य तालिम सञ्चालन गर्न प्राविधिक सहयोग
- विभिन्न जिल्लाहरूमा मानसिक स्वास्थ्य र नसर्ने रोगको रोकथाम तथा व्यवस्थापन सम्बन्धी अनुगमन, सुपरिवेक्षण साथै अनसाइट कोचिङको लागि प्राविधिक सहयोग
- EDCD सँगको समन्वयमा लमजुङमा मनोचिकित्सक सुविधा सुरु गरिएको जस अन्तर्गत WHO को सहयोगमा मासिक रुपमा मनोचिकित्सक ओपिडी सेवा सञ्चालन भइरहेको
- स्वास्थ्य निर्देशनालयको आयोजनामा भएको मानसिक स्वास्थ्य शिविरमा प्राविधिक सहयोग
- गण्डकी प्रदेशका लागि NHTC सँगको सहकार्यमा अपाङ्गता तथा पुनःस्थापना सम्बन्धी कार्यशाला सम्पन्न गर्न प्राविधिक सहयोग
- म्याग्दी जिल्लाका २५ जना स्वास्थ्यकर्मीहरुलाई मानसिक स्वास्थ्य सम्बन्धी तालिम प्रदान

## आ.ब. २०८०/८१ को प्रस्तावित कार्यक्रम

Nepal—WHO Country Cooperation Strategy (CCS) ले तय गरेका रणनीतिक प्रथमिकता क्षेत्रहरु अन्तर्गत संघीय संरचनामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले तय गरेका स्वास्थ्य क्षेत्रमा निरन्तर प्राविधीक सहयोग प्रदान गर्ने।

## युनिसेफ (UNICEF)

**संक्षिप्त परिचयस्** विगतका पाँच दशकको साझेदारीमा नेपालले लिएका कैयौं विकासका कदमहरुमा युनिसेफले सहयोग गर्दै आएको छ।देशका बालबालिका, किशोरकिशोरी र महिलाका परिवर्तन हुँदै गएका आवश्यकताहरू अनुसार नेपालमा युनिसेफका कार्यक्रमहरुमा निरन्तर परिवर्तन भएका छन्। नेपालको युवा जनसंख्याको क्षमता अभिवृद्धि गर्नका लागि केन्द्रीय, संघीय, र स्थानीय गरी सबै तहमा बालबालिकामा लगानी गर्नुपर्ने अत्यन्तै महत्वपूर्ण आवश्यकताको युनिसेफले निरन्तर पैरवी गर्दैआएकोछ ।दिगो विकासका लक्ष्यहरू हासिल गर्नका लागि नेपालले गरेको प्रतिवद्धतालाई सघाउँदै युनिसेफका सन् २०२३ देखि २०२७ का कार्यक्रमहरुमा स्वास्थ्य, पोषण, बाल संरक्षण, शिक्षा, खानेपानी, सरसफाई, र सामाजिक सुरक्षाजस्ता क्षेत्रहरुमा केन्द्रित रहेका छन। यसका अतिरिक्त, प्रारम्भिक बालविकास, किशोरकिशोरी, अपांगता, लैंगिकता तथा विपद् जोखिम न्युनीकरण र जलवायु परिवर्तन आदि मुद्दाहरू पनि समेटिएका छन।

**भौगोलिक कार्यक्षेत्रः** गण्डकी प्रदेशका सम्पुर्ण जिल्लाहरु

**बिषयगत कार्यक्षेत्रः** स्वास्थ्य तथा पोषण

**कार्यक्रमको नामः**

- स्वास्थ्य, मातृशिशु स्याहार, खोप
- पोषण (बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण विशेष तथा पोषण संवेदनशील कार्यक्रमहरु)
- खानेपानी तथा सरसफाइ कार्यक्रम अन्तर्गत खानेपानी गुणस्तर अनुगमन

**कार्यक्रमका लक्षित समुहः**

गर्भवती महिला, सुत्केरी आमाहरू, नवजात शिशु, ६-५९ महिनाका बालबालिकाकाहरू तथा किशोरकिशोरीहरू

**आ.व. २०७९र८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

- बृहत पोषण प्याकेज तालिम संचालनमा प्रविधिक सहयोग
- पोषण विशेष तथा पोषण संवेदनशील कार्यक्रमहरु संचालनमा प्रविधिक सहयोग
- मातृ शिशु मैत्री अस्पताल अभियान संचालनमा प्रविधिक सहयोग
- नियमित खोप सुनिस्चित्ताको लागी कोल्ड चैन ब्यवस्थापनमा प्राविधिक सहयोग

- एकिकृत स्वास्थ्य सुचना ब्यवस्थापन कार्यक्रममा प्राविधिक सहयोग
- KMC युनिटको लागी आवश्यक औजार उपकरण सहयोग
- लेखनाथ खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा पोखरा महानगरपालिकाको संयूक्त सहकार्यमा लेखनाथ खानेपानीको सेवा क्षेत्रलाई सुरक्षित खानेपानी युक्त समूदाय घोषणा कार्यक्रम संचालन तथा वडा नं. ३१ के ६३१ घरधुरी पूर्ण रुपमा घोषणाको लागि तयारी अवस्थामा रहेको
- खानेपानी गुणस्तर अनुगमन तथा सुरक्षित खानेपानी युक्त समूदाय घोषणा कार्यविधि निर्माण गर्न सरोकारवालाहरुको क्षमता अभिबृद्धि तथा पृष्ठपोषण लाई सम्मिलित गरि महानगरपालिकाको कानुन शाखा तथा विधायन समितिबाट कार्यपालिकाको परिषद बैठकबाट अनुमोदनका लागि पठाइएको
- खानेपानी गुणस्तर अनुगमन प्रबद्र्धन गर्न प्रदेश स्वास्थ्य निर्देशनालयको सहकार्यमा प्रदेशका ११ वटै जिल्लाबाट छनौट भई आएका स्वास्थ्यकर्मिहरुलाई खानेपानी गुणस्तर अनुगमन तथा सुरक्षित खानेपानीयुक्त समूदाय का बारेमा क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिएको तथा ३ वटा स्वास्थ्य सेवा प्रदायका संस्थाका लागि पानी जाँच्ने मेशिन उपलब्ध गराइएको

**आ.ब.२०८०/८१ को कार्यक्रम तथा बजेटः**

- बहुक्षेत्रीय पोषण योजना अन्तरगत पोषण विशेष तथा पोषण संवेदनशील कार्यक्रमहरु संचालनमा प्रविधिक सहयोग।
- बिद्यालय  नर्स कार्यक्रमको समिक्षा तथा क्षमता अभिवृधिमा सहयोग।
- स्वास्थ्य तथा पोषण विपद ब्यवस्थापन तथा पुर्वतयारि कार्ययोजना संशोधनमा सहयोग।
- नियमित खोप सुनिस्चित्ताको लागी कोल्ड चैन ब्यवस्थापनमा प्राविधिक सहयोग
- एकिकृत स्वास्थ्य सुचना ब्यवस्थापन कार्यक्रममा प्राविधिक सहयोग

## सेभ द चिल्ड्रेन

**संक्षिप्त परिचयः** सेभ द चिल्डेन

**भौगोलिक कार्यक्षेत्रः** गण्डकी प्रदेश अन्तर्गतका सबै जिल्ला

**बिषयगत कार्यक्षेत्रः** स्वास्थ्य

**कार्यक्रमको नामः** ग्लोबल फण्ड ; टिबी, एचआईभि र औलो (GF Fight ATM)

**स्थानीय कार्यान्वयन साझेदार संस्थाहरुः**

- कम्युनिटी सपोर्ट गुप (कास्की, बाग्लुदङ्ग,तनहुँ र नवलपरासि जिल्ला)
- राष्टिय एचआईभि एड्स महासँघ (मनाङ्ग र मस्ताङ्ग वाहेक सवै जिल्ला)

- जापान नेपाल स्वास्थ्य तथा क्षयरोग अनुशन्धान संस्था (कास्की, स्याङ्गजा,तनहुँ र नवलपरासि जिल्ला)

**कार्यक्रमका लक्षित समुहः** क्षयरोग, एच.आइ.भि. तथा औलोको जोखिममा रहेको समुदायहरु

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम  तथा उपलब्धीहरुः**

- १२७६ जना क्षयरोग निदानमा सहयोग ।
- २५३२९ जना आप्रवासी कामदारहरुमा स्वास्थ्य शिक्षा र २४८४१ जनामा एच.आइ.भि. को स्कृनिङ्ग ।
- ४६६१ जना लागु औषधि प्रयोगकर्ताहरुमा स्वास्थ्य शिक्षा र ४४६२ जनामा एच.आइ.भि. को स्कृनिङ्ग ।
- १०६ जनालाई मौखिक प्रतिस्थापन औषधि खुवाउन सहयोग गरेको ।
- १५२० जना एच.आइ.भि. संक्रमितहरुलाई स्याहार तथा हेरचाह गरेको ।
- १२० जना १८ वर्ष मुनिका बाल बालिकाहरुलाई मासिक रुपमा रु १००० वितर्ण गरि रहेको ।
- २६ जना पता लागेका औलो रोगीहरुको अनुशन्धान गरेको । औलो जाँच तथा उपचारमा स्थलगत अनुशिक्षण प्रदान गरेको ।
- स्थानीय तहका जन प्रतिनिधि र कर्मचारीहरुलाई क्षयरोग, एच.आइ.भि. तथा औलोरोगको वारेमा अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम संचालन गरेको ।
- क्षयरोग, एच.आइ.भि. तथा औलो रोगको वारेमा सेवा प्रदायकहरुलाई क्षमता अभिवृद्धि सम्वन्धि विभिन्न तालिमहरुमा प्रविधिक सहयोग गरेको ।
- वहु औषधि प्रतिरोध क्षयरोग विरामिलाई पोषण युक्त खाने सामाग्रि वितरण गरेको ।
- औषधी तथा स्वास्थ्यजन्य सामाग्री खरिद तथा वितरण गरेको ।
- मेडिल उपकरण खरिद,मर्मत तथा संभार गरेको ।
- भौतिक मर्मत कार्य (स्वास्थ्य निर्देशनालय तथा क्षयरोग उपचार केन्द्रमा)

**आ.व. २०७९/८० मा भएको खर्च**  (गण्डकी प्रदेश अन्तर्गत)

- करिव सात करोड बढी खर्च

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट** (गण्डकी प्रदेश अन्तर्गत मात्र)

- करिव आठ करोड बढि विनियोजन साझेदार सँस्था तथा रातो किताब र सिधै गरि

## संस्थाको नामः एड्स हेल्थ केयर फाउण्डेशन (ए.एच.एफ) नेपाल

AHF NEPAL

**संक्षिप्त परिचयः** एड्स हेल्थ केयर फाउण्डेशन (ए.एच.एफ) सन् १९८७ मा संयुक्त राज्य अमेरिकामा दर्ता भएको गैर(नाफामुलक अन्तराष्ट्रिय संस्था हो । यसको मुख्य कार्यालय लस एन्जल्समा रहेको छ । यो संस्था उच्च गुणस्तरको औषधि उपलब्धतामा एडभोकेसी प्रदान गर्ने मिसनका साथ स्थापना भएको हो । हाल ए.एच.एफ. विश्वमा नै एचआईभीरएड्स उपचार, हेरचाह प्रदायक सबैभन्दा ठूलो संस्था हो । यसले हाल विश्वका ४५ वटा देशहरूमा १७,००,००० भन्दा बढी एचआईभी संक्रमितहरूको जीवन बचाउने र हेरचाह सेवा प्रदान गर्दै आईरहेको छ ।

नेपाल सरकारलाई दिगो विकास लक्ष्य र राष्ट्रिय एचआईभी रणनीति योजना २०२१'२०२६ ले परिकल्पना गरेको लक्ष्य प्राप्ती गर्नको लागि एचआईभीको सेवा गुणस्तरीय बनाउँदै एआरटी केन्द्रहरूबाट सेवा प्रदान गर्न सहयोग पुर्‍याउनु यस परियोजनाको लक्ष्य रहेको छ ।

**भौगोलिक कार्यक्षेत्रः** कास्की

**बिषयगत कार्यक्षेत्रः** स्वास्थ्य, एच। आई। भी र एड्स

**कार्यक्रमको नामः** "Sustaining the Gain, strengthen HIV prevention, testing, treatment and care services at ART clinics of Nepal"

**परियोजनाको आवधिः** सन् २०२२ नोभेम्वर ११ देखि सन् २०२७ नोभेम्वर १०

**स्थानीय कार्यान्वयन साझेदार** : पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, ए.आर.टी., कास्की

**कार्यक्रमका लक्षित समुहः** एच.आई.भी संक्रमित सेवाग्राहीहरु

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

- एआरटी क्लिनिकहरूबाट सेवा प्रवाहलाई बलियो बनाउने साथै एचआईभी रोकथाम, परीक्षण र लिङ्केज सेवाहरू
- अनुगमन, वकालत, समन्वय र लिङ्केज गर्ने
- स्वास्थ्य जनशक्तिको सुदृढीकरण र क्षमता अभिवृद्धि गर्ने
- मुख्य लक्षित समुदायहरुलाई उपचार साक्षरता कार्यक्रम
- पोषण तथा यातायात खर्चमा सहयोग
- ल्याब, औषधी सहयोग तथा कन्डम वितरण
- एच. आई. भी संग सम्बन्धित दिवसहरु मनाउने

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेटः** रु ८४,३७,५४७

## एफएचआई ३६० नेपाल

**संक्षिप्त परिचयः** एफएचआई ३६० नेपाल

**भौगोलिक कार्यक्षेत्रः** गण्डकी प्रदेशका नवलपुर, कास्की, तनहुँ, स्याङ्गजा र बागलुङ्ग जिल्लाहरु, प्रदेश भरि

**बिषयगत कार्यक्षेत्रः** एचआइभी तथा यौन रोग, स्वास्थ्य आपूर्ति व्यवस्थापन

**कार्यक्रमको नामः** ईपिक नेपाल

**स्थानीय कार्यान्वयन साझेदार संस्थाः** नौलो घुम्ति नेपाल, नौलो बिहानी पोखरा, एचआइभी संक्रमितहरुको राष्ट्रिय महासंघ, सहभागि र शशक्तिकरण नेपाल

**कार्यक्रमका लक्षित समुहः** महिला यौनकर्मीहरु, महिला यौनकर्मीका ग्राहकहरु, पुरुष समलिङ्गीहरु, पुरुष यौनकर्मीहरु, तेस्रो लिङ्गीहरु तथा अन्य लक्षित समुदाय

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

ईपिक नेपाल (एचआइभी तथा यौन रोग)

- १,९९६ जना व्यक्तिहरुले एचआइभी रोकथाम सेवा तथा शिक्षाका लागि भेट गरिएका,े
- १५९,८१३ वटा कण्डम वितरण, ३३?५०९ वटा लुब्रीकेन्टस वितरण,
- १,१६० व्यक्तिहरुको एचआइभी परिक्षण पश्चात नतिजा वितरण,
- १०७ जना एचआइभी संक्रमित पत्ता लागेको,
- २६७ जना व्यक्तिहरुद्धारा एचआइभी रोकथामका लागि प्रयोग गरिने एन्टी रेट्रोभाईरल औषधी ृएचभ(भ्हउयकगचभ एचयउजथबिहष्क ९एचभ्ए० शुरु,
- १४८ जना एचआइभी संक्रमित व्यक्तिहरुद्धारा एन्टी रेट्रोभाईरल औषधी शुरु,
- ९१ जना व्यक्तिहरुको यौन रोगको निदान तथा उपचार,
- १,२४३ एचआइभी संक्रमितहरुलाई समुदायमा दिईने सहयोग र हेरचाह सम्बन्धि सेवा

**O{lks g]kfn-PSM**

- औषधिजन्य मालसामानहरुको प्रक्षेपण तथा परिमाण निर्धारण गोष्ठी
- यल.यम.आइ.यस रिपोर्टिंग फारम तथा जिन्सी रजिस्टर छपाई
- सपोर्ट सेन्टर मार्फत इ.यल.यम.आइ.यस सम्बन्धि आवश्यक प्राबिधिक सहयोग
- प्रदेश स्वास्थ्य आपूर्ति शृंखला व्यवस्थापन कर्यसमुहको त्रैमासिक बैठकमा सहयोग

**आ.व. २०७९/८० मा भएको खर्च** (गण्डकी प्रदेश अन्तर्गत)

एचआइभी तथा यौन रोग रु २५,८२२,०४४

ईपिक नेपाल (**PSM**)– रु १,५००,०००

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट** (गण्डकी प्रदेश अन्तर्गत मात्र)

- एचआइभी तथा यौन रोगः ? #!,*#&,@%%

**EPIC-PSM** (प्रस्तावित कार्यक्रमहरु ९ बजेट स्वीकृत हुन बाकी)

- इ.यल.यम.आइ.यस मा भएका तथ्यांकको गुणस्तर सुधार तथा प्रभावकारी प्रयोगका लागि स्वास्थ्य कार्यालय प्रमुखज्युहरु संग १ दिने त्रैमासिक बैठक
- प्रदेश स्वास्थ्य आपूर्ति शृंखला व्यवस्थापन कर्यसमुहको त्रैमासिक बैठकमा सहयोग
- इ.यल.यम.आइ.यस लागु नभएका संस्थाहरुका लागि तालिम संचालन
- इ.यल.यम.आइ.यस संचालनमा समस्या भएका स्वास्थ्य संस्थाहरुमा पुनार्ताजकीय तालिम
- औषधि भण्डारणका लागि आवश्यक सामग्री सहयोग
- सहयोगी सुपरिबेक्षण
- म्याद गुज्रेका औषधि व्यवस्थापनमा सहयोग
- प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका नियमित कामकाजमा प्राबिधिक सहयोग

## मेडिक मोबाईल नेपाल

**संक्षिप्त परिचयः** मेडिक मोबाइल एक प्रविधिमा काम गर्ने गैह्र-नाफामुलक संस्था हो । यसको स्थापना : सन् २०१०मा भएको हो हाल २३ देशमा कार्यरत छ र ३३,००० भन्दा बढि समुदाय स्तरमा काम गर्ने स्वास्थ्यकर्मीलाई आफ्नो प्रविधिद्वारा सहयोग गरिरहेको छ। मेडिकले बिशेष गरेर समुदायस्तरमा काम गर्ने स्वस्थ्यकर्मीहरुको लागि open source प्रविधि निर्माण गर्दछ। मेडिकले २ प्रकारको प्रविधि बनाउछ, जस अन्तर्गतः SMS पद्दति एप्लिकेशन पद्दति SMS पद्दति नेपालमा सन् २०१२ मा बागलुङ जिल्लाको तत्कालिन ४ वटा गा.वि.स.बाट सुरु भएको र हाल २४ वटा जिल्लामा लागु भैसकेको छ। हालसम्म १२३५३ जना स्वास्थ्यकर्मीहरूले मेडिकले बनाएको SMS प्रविधि प्रयोग गरिरहनु भएको छ।

**भौगोलिक कार्यक्षेत्रः** बागलुङ गोरखा र स्याङ्जा (६ पालिका) (गण्डकी प्रदेशका ११ वटै जिल्लामा संचालनको तयारी)

**बिषयगत कार्यक्षेत्रः** सुरक्षित मातृ तथा बाल स्वास्थ्य

**कार्यक्रमको नामः** मातृ तथा बाल स्वास्थ्य सेवा समन्वयका लागि मोबाईल स्वास्थ्य कार्यक्रम

**कार्यक्रमका लक्षित समुहः** गर्भवती महिला र बालबालिका

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

- स्याङ्जा जिल्लाका ६स्थानिय तहका स्वास्थ्यमा कार्यरत ११३ स्वास्थ्यकर्मीहरुलाई पुर्नताजकिय तालिम संचालन ।
- बागलुङ जिल्लाका १० गाउँ/नगरपालिका अन्तरगतका १९१ स्वास्थ्यकर्मिलाई प्रशिक्षक प्रशिक्षण सम्पन्न ।

- बागलुङका १० स्थानिय तह र ७२ स्वास्थ्य संस्थालाई Analytic dashboard को user प्रदान ।

**आ.व. २०७९/८० मा भएको खर्च (गण्डकी प्रदेश अन्तर्गत):** रु ११३५०५४.२०

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट (गण्डकी प्रदेश अन्तर्गत मात्र) :** रु. ३७,१०,६००

## फेयरमेड फाउन्डेसन नेपाल

**संक्षिप्त परिचयः** फेयरमेड फाउन्डेसन नेपाल संन् २०१२ मा नेपालमा स्थापाना भएको स्विस गैरसरकारी संस्था हो । यस सस्थाको परिदृस्य भनेको कोहीपनि निकोहुने रोगबाट मर्नु नपरोस र सबैको स्वास्थ्यमा समान पहुच होस् । हाल नेपालको ९ वटा जिल्लामा ४ वटा परियोजनामा काम गरिरहेको छ । गण्डकी प्रदेशको बागलुङ्ग जिल्लामा ग्रामिण स्वास्थ्य सुधार परियोजना सन् २०१८ बाट संन्चालन गर्दै आऐको छ ।

**भौगोलिक कार्यक्षेत्रः** बागलुङ्ग जिल्लाका दश वटै पालिका

**बिषयगत कार्यक्षेत्रः** मातृ तथा नवजात शिशु स्याहार, उष्ण प्रदेशिय उपेक्षित रोगहरु, आपाँगता, लैगिंक समानता तथा सामाजिक समाबेशिकरण र खानेपानि तथा सरसफाई MNH, NTD, DID, GESI WASH

**कार्यक्रमको नामः** ग्रामिण स्वास्थ्य सुधार परियोजना, Rural Health Improvement Project

**स्थानीय कार्यान्वयन साझेदार संस्थाः** विवाईसी बागलुङ्ग BYC Baglung

**कार्यक्रमका लक्षित समुह :** गर्भवती तथा सुत्केरी महिलाहरु, नवजात शिशु, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य व्यवस्थापन समिती सदस्यहरु, स्वास्थ्यकर्मी, अपाङ्गता भएका व्यक्तिहरु

**आ।व। २०७९ ८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुस्**

- ४ वटा बर्थिङ सेन्टरको स्थापनाका, ३४ वटा बर्थिङ सेन्टरमा गुणस्तर सुधार, २ वटा बर्थिङ सेन्टरको भवन मर्मत सम्भार तथा ५ वटा प्रसुती कक्ष स्थापना गर्न सामाग्री सहयोग
- ४ वटा गाँउघर तथा खोप क्लिनिक निर्माण तथा आवश्यक सामग्री सहयोग ।
- २ वटा घ वर्गको प्रयोगशाला स्थापनाका तथा २ प्रयोगशालामा गुणस्तर सुधारकालागि लागि निर्देशिका बमोजिमका सम्पूर्ण सामग्री सहयोग ।
- ४ स्वास्थ्य सस्थामा नवजात शिशुस्याहार कक्ष स्थापना गर्नका लागि बेबिवार्मर मेसिन सहित आवस्यक पर्ने सामाग्री सहयोग,
- १२ स्वास्थ्य संस्थाको सरसफाई प्रवद्धनको लागि आवश्यक सामग्री
- ४ जना अपाङ्गता भएका व्यक्तिहरुका लागि उपचारमा सहयोग र व्यवसायिक तालिम

- ११ जना समुदाय परिचालक मार्फत समुदाय परिचालका गतिबिधि सन्चालन बिध्यालय स्वास्थ्य शिक्षा, आमा समुह बैठकमा सहजिकरण, महिला स्वास्थ्य स्वयम सेविकालाई सहयोग, अपाँगता भएका व्यतिलाई घर भेट र जनचेतनामुलक कार्यक्रम
- ६ स्वास्थ्य सस्थामा मातृ तथा नबजात शिशु स्थलगत कोचिङ्ग
- २ स्वास्थ्य सस्थामा सामुदाय स्वास्थ्य प्राप्ताङ्क वोर्ड (CHSB) कार्यक्रम सन्चालन
- १५ आमा समुहमा गुणस्तरिय स्वास्थ्यका लागि आफ्नै पहल (SATH) कार्यक्रम
- २४ स्वास्थ्य सस्था संचालन तथा व्यवस्थापन समितिको क्षमता विकास का लागि ३ दिने आधारभुत तालिम सन्चलान
- १५ स्वास्थ्य सस्थामा MSS Assessment गर्न सहयोग
- ११३ जना स्वास्थ्य कर्मिलाई उपेक्षित उष्ण प्रदेशिय उपेक्षित रोग बारे तिन दिने तालिम
- १२४ जना स्वास्थ्य कर्मिलाई DHIS-२ तालिम सन्चालन गर्न सहयोग
- ४ स्वास्थ्य सस्थालाई संक्रमण रोकथामको स्थलगत अनुशिक्षण
- १२ स्वास्थ्य सस्थामा कार्यरत १५ कार्यालय सहयोगि कर्मचारिलाई २ दिने संक्रमण रोकथाम तथा व्यवस्थापनको तालिम
- १० जना अपाङता भएका ब्यति लाई आय आर्जन, जिबन निर्वाह तथा व्यसायिक तालिम
- ३० जना अपांगता भएका व्यतिलाई अपांगता सहाण्ता सामाग्रि उपलब्ध
- ७ जना अपाङता भएका ब्यतिलाई स्वास्थ्य उपचार गर्नमा सहयोग
- २ स्वास्थ्य सस्थामा ग्रामिण भिडियो एक्सरे कार्यक्रम सन्चालन गर्न भिडियो एक्सरे मेसिन सहयोग
- GESI तालिम तथा प्रशिक्षणको माध्यमवाट बागलुङ्ग जिल्लाका ३ स्थानिय सरकारका प्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम
- SBA तालिम मार्फत ३ जना तालिम प्राप्त दक्ष प्रशुति कर्मि तयार
- Implant तालिम मार्फत ५ जना सेवा प्रदायक उत्पादन गरि पाँच वटा स्वास्थ्य सस्थाबाट नियमित सेवा प्रदान ।
- २२ जना स्वास्थ्य कर्मिलाई Obstetric First Aid Training
- SBA तालिम केन्द्र बागलुङ्ग लाई MAMA U मोडल सहयोग
- SBA तालिम केन्द्र बागलुङ्ग लाई Vaccume delivery मोडल सेट सहयोग
- SBA तालिम केन्द्र पोखरा एकेडेमि फर हेल्थ साइन्समा Implant Hand मोडल सहयोग

- हात्तिपाईले बिरुधको आम औषधि सेवन कार्यक्रम सफल बनाउन समुदाय परिचालन, जिल्ला स्तरिय गोष्ठि सेनिनार, Panel Group Discussion मा सहयोग
- हात्तिपाईले बिरुधको आम औषधि सेवन कार्यक्रम सफल बनाउन सास्कृतिक कार्यक्रम आयोजना
- महिला हिंसा बिरुद्धको १६ दिने अभियानमा बागलुङ्ग जिल्लाका १० वटै पालिकाका ५३ वार्डमा समुह छलफल तथा सचेतना कार्यक्रम
- कुष्ठरोग पहिचान गर्न बडिगार्ड गाँउपालिका अन्तर्गतको दर्लिङ्गमा छाला, कुष्ठरोग शिबिर सन्चालन गर्न सहयोग
- १० जना समुदाय परिचालक मार्फत २८० वटा बिधालय स्वास्थ्य शिक्षा कार्यक्रम सन्चालन
- १० जना समुदाय परिचालक मार्फत ६८३ पटक बागलुङ्ग जिल्लाका स्वास्थ्य आमा समुह बैठकमा सहभागि भई समसामहिक स्वास्थ्य बिषयमा छलफल र नियमित बैठक बस्ने उत्प्रेरित

**आ.व. २०७९.८० मा भएको खर्च : रु** ३९७८२७९१ (तिन करोड अठत्तरलाख सत्ताइस हजार एकानव्वे रुपैया मात्र।)

**आ.व. २०८०।८१ को कार्यक्रम तथा बजेट :**१८०७९६२ (एक करोड असिलाख सात हजार नौ सय बैसठ्ठि रुपैया मात्र (सन०२०२४ का योजना तर्जुमा गर्न बाँकि )

## निक सिमन्स इन्स्टिच्युट

NSI Nick Simons Institute

**संक्षिप्त परिचयः** निक सिमन्स इन्स्टिच्युट एक गैर-सरकारी परोपकारी संस्था हो, जसको उद्देश्य ग्रामीण स्वास्थ्य सेवाहरू बढाउनु हो। सुरुमा यो एक प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भएको थियो। सन् १७ अगस्त २०१५ मा यो ललितपुर जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको थियो र अहिले एक गैर सरकारी संस्था (NGO) को रूपमा काम गरिरहेको छ। सन् २००६ मा स्थापना भएदेखि नै यस संस्थाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग मिलेर ग्रामीण स्वास्थ्य सेवालाई सुदृढ गर्ने काम गर्दै आएको छ ।

**भौगोलिक कार्यक्षेत्रः** स्यांङ्जा अस्पताल, पर्बत अस्पताल, राम्जादेउराली स्वास्थ्य चौकी, गोर्खा अस्पताल, बुर्तिबाङ्ग प्राथमिक स्वास्थ्य केन्द्र र दरबांङ्ग प्राथमिक स्वास्थ्य केन्द्र, म्याग्दी।

**बिषयगत कार्यक्षेत्रः**

१. उपचारात्मक सेवा सहयोग कार्यक्रम (Curative Service Support Program)

२. अस्पताल सुदृढीकरण कार्यक्रम (Hospital Strengthening Program)

३. तालिम कार्यक्रम (Training Program)

**कार्यक्रमको नामः** ग्रामिण अस्पताल सहयोग परियोजना (Rural Hospital Strengthening Project)
**स्थानीय कार्यान्वयन साझेदार संस्थाः** सम्बन्धित अस्पताल विकास समिती,
**कार्यक्रमका लक्षित समुहः** सरकारी अस्पतालका स्वास्थ्य सेवाग्राही, स्वास्थ्य कर्मी - गण्डकी प्रदेश

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

- उपचारात्मक सेवा सहयोग कार्यक्रम (Curative Service Support Program) अन्तर्गत गण्डकी प्रदेशका ७ वटा सरकारी अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा आवश्यक जनशक्ति तथा उपकरण सहयोग गरि अस्पतालबाटै आधारभूत तथा आकस्मिक शल्याचिकित्सा सेवाको निरन्तरतामा सहयोग ।
- अस्पताल सुदृढीकरण कार्यक्रम (Hospital Strengthening Program) मार्फत गण्डकी प्रदेशका अस्पतालहरुमा न्युनतम सेवा मापदण्ड कार्यान्यनमा आर्थिक तथा प्राबिधिक सहयोग गर्नुका साथै स्थानीय स्तरका अस्पतालहरुलाई NSI Grant प्रदान गरिएको र प्रदेश स्तरीय MSS Implementation Unit स्थापना गर्न आर्थिक तथा मानब संसाधन सहयोग ।
- अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुको लागि आवश्यक SBA, MLP, ASBA, OTTM, ECCT, PEC, AAC, CTS लगायतका तालिमहरुको व्यवस्था गरिनुका साथै तालिम केन्द्रहरुलाई आबश्यक प्राबिधिक सहयोग । यी बिभिन्न तालिमहरु आर्थिक बर्ष २०७९/८० मा गण्डकी प्रदेशबाट १०२ जना लाइ प्रदान गरियो ।
- लमजुङ अस्पताल, धौलागिरी अस्पताल र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान जस्ता तालिम स्थलहरूसँग साझेदारी ।
- PHTC गण्डकी प्रदेशमा मानव संसाधन सहयोग ।
- PHLMC मा Provincial Biomedical Management Unit को लागि प्राविधिक तथा मानव संसाधन सहयोग ।
- केन्द्रीय तथ्यांक रिपोजिटरी प्रणाली (Central Data Repository System) को विकास।
- गोरखा, लमजुङ, दमौली, मातृशिशु, बेनी र बागलुङ अस्पतालमा बिधुतिय स्वास्थ्य अभिलेखिकरण (Electronic Health Record) प्रणाली कार्यान्वयन।

**आ.व. २०७९/८० मा भएको खर्च**

- तालिम कार्यक्रम तथा Provincial Biomedical Management unit — १०,८५०,०००.००
- उपचारात्मक सेवा सहयोग कार्यक्रम (Curative Service Support Program) — ४,१८,२५,०००.००
- अस्पताल सुदृढीकरण कार्यक्रम (Hospital Strengthening Program) ४२,१०,०००.००
- बिधुतिय स्वास्थ्य अभिलेखिकरण (EHR) प्रणाली — १,८६,७९,९८६.००

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट**

- केन्द्रीय डाटा रिपोजिटरी प्रणाली (CDRS) को विकास।
- गोरखा, लमजुङ, दमौली, मातृशिशु, बेनी र बागलुङ अस्पतालमा बिधुतिय स्वास्थ्य अभिलेख (EHR) कार्यान्वयन।
- आवश्यक तालिम SBA, MLP, ASBA, OTTM, ECCT, PEC, AAC CTS संचालनको लागि तालिम केन्द्रहरुलाई आबश्यक सहयोग।
- Provincial Biomedical Management Unit को लागि प्राविधिक तथा मानव संसाधन सहयोग।
- सम्पूर्ण कार्यक्रमको लागि छुट्याइएको बजेटः रु ५५,४०५,०००

## वाटरएड नेपाल

**संक्षिप्त परिचयः** वाटरएड १९८१ मा स्थापना भएको एक अन्तर्राष्ट्रिय गैर-नाफामुलक संस्था हो, जो सबैका लागि सफा पानी, सफा शौचालय र स्वच्छतालाई सामान्य बनाउन कटिबद्ध र २८ देशहरूमा काम गर्दछ। यी तीन (सफा पानी, सफा शौचालय र स्वच्छता) विना मानिसहरूले सम्मान जनक, स्वस्थ जीवन बाँच्न सक्दैनन्।

वाटरएड नेपाल (WAN) को स्थापना सन् १९८७ मा संयुक्त राष्ट्र संघको पानी तथा सरसफाई दशक, १९८१-१९९० मा भएको हो। वाटरएडको कार्यले सेवा प्रवाह, व्यवहार परिवर्तनका साथै पानी, सरसफाइ र स्वच्छता (WASH) सँग सम्बन्धित अनुसन्धान, सिकाइ, क्षमता निर्माण र वकालतलाई समेट्छ।

**भौगोलिक कार्यक्षेत्रः** गण्डकी प्रदेशको सबै जिल्ला

**बिषयगत कार्यक्षेत्रः** खानेपानी, स्वच्छता र सरसफाई

**कार्यक्रमको नामः** नियमित खोप मार्फत सरसफाई प्रबर्द्धन कार्यक्रम

**कार्यक्रमका लक्षित समुहः** जन्मेदेखि १५ महिना सम्मका बालबालिका आमाहरु तथा अभिभाबकहरु

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

- स्वास्थ्य निर्देशनालयमा खोप कार्यक्रममा सरसफाई प्रबर्द्धन एकिकृतको लागि प्राबिधिक सहयोग
- सरसफाई प्रबर्द्धन कार्यक्रममा स्वास्थ्य कर्मीहरुको दक्ष्यता अभिबृधिमा प्राबिधिक सहयोग
- नियमित खोप मार्फत सरसफाई प्रबर्द्धनको सुपरिवेक्षण तथा अनुगमन
- आधारभूत खोप र सरसफाई प्रबर्द्धन कार्यक्रमको तालिममा प्राबिधिक सहयोग जिल्लाहरु र पालिकाहरुमा
- खोपको सुक्ष्मयोजना र सरसफाई प्रबर्द्धन कार्यक्रमको तालिममा प्राबिधिक सहयोग जिल्लाहरु र पालिकाहरुमा

**आ.व. २०७९/८० मा भएको खर्चः** प्राबिधिक सहयोग मात्र

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेटः** प्राबिधिक सहयोग मात्र

## वान हार्ट वल्डवाईड

One Heart

वान हार्ट वल्डवाइडले नेपाल सरकारको मातृ तथा नवजात शिशु स्वास्थ्य सम्बन्धी नीति, रणनीति र प्राथमिकता आधारमा संघ, प्रदेश र स्थानीय तहको सम्बन्धित निकायसँग समन्वय र साझेदारी गरी सन् २०११ देखि नेपालका प्रदेश १, बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र मधेस प्रदेशका विभिन्न २५ वटा जिल्लाहरुमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । क्रमशः सन् २०३० सम्ममा नेपालको ३५ जिल्लामा पुगि मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सुदृढ गर्न नेपाल सरकारलाई सहयोग गर्ने लक्ष्य राखेको छ र सोही अनुरुप कार्य गर्दै गईरहेको छ ।

गण्डकी प्रदेशको बाग्लुङ्ग जिल्लामा कार्यक्रमको सफल कार्यानन्वयन पश्चात पर्वत र म्याग्दी जिल्लामा सन् २०२० देखि निरन्तर तपसिल बमोजिमका उद्धेश्य राखि स्थानीय तह, स्वास्थ्य कार्यालय, तथा अस्पतालमा गुणस्तरिय मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा सुदृढ गर्ने बिभिन्न कृयाकलापहरू संचालन भैरहेको छ।

**परियोजनाको नामः** स्थानीय सरकार साक्षेदारीमा मातृ तथा नवशिशु स्वास्थ्य सुदृढिकरण

**परियोजनका उद्देश्यहरुः**

- स्थानीय तहको स्वास्थ्य प्रणाली सुदृढिकरणमा सहयोग गर्ने
- मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको मागमा वृद्धि गर्ने
- मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको प्रदानमा वृद्धि गर्ने
- मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा प्रदायकहरुको क्षमता अभिवृद्धि गर्ने
- मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्ने

**भौगोलिक कार्यक्षेत्रः** १. **म्याग्दीः** बेनी नगरपालिका, अन्नपूर्ण गाउँपालिका, धौलागिरी गाउँपालिका, मंगला गाउँपालिका, मालिका गाउँपालिका, रघुगंगा गाउँपालिका

२. **पर्वतः** कुश्मा नगरपालिका, फलेबास नगरपालिका, जलजला गाउँपालिका, पैयूँ गाउँपालिका, महाशिला गाउँपालिका, मोदी गाउँपालिका, विहादी गाउँपालिका

**बिषयगत कार्यक्षेत्रः** प्रजनन् स्वास्थ्य (मातृ तथा नवशिशु स्वास्थ्य र स्वास्थ्य प्रणालि सुदृढीकरण)

**कार्यक्रमका लक्षित समुहः** गर्भवती महिला, सुत्केरी महिला, नवजात शिशु, किशोरकिशोरी, महिला स्वास्थ्य स्वयं सेविका, मातृ तथा नवजात शिशु स्वास्थ्य सेवा प्रदायक, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति, स्थानीय तह स्वास्थ्य शाखा र पदाधिकारीहरू

**आ.व. २०७९/८० मा सम्पादित कार्यक्रम तथा उपलब्धीहरु**

| कार्यक्रम | उपलब्धी |
|---|---|

| | |
|---|---|
| स्थानिय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको क्षमता अभिबृद्धिको लागि स्वास्थ्य संस्था स्तरिय तालिम | ३७ स्वास्थ्य संस्था का २५९ पदाधिकारीहरू |
| स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयं सेविकालाई जीवन सुरक्षा पूनर्ताजगी र मिजोप्रोस्टोल तालिम | ५२ स्वास्थ्य संस्थाको तालिम (७२८ सहभागी) |
| महिला स्वास्थ्य स्वयम् सेविका संग मातृ तथा नवजात शिशु स्वास्थ्य तथा जन्म पूर्व तयारी र मातृ सुरक्षा चक्की सम्बन्धि कार्यक्रमको समिक्षा | ३३ स्वास्थ्य संस्था |
| स्थानिय तहमा स्वास्थ्य योजना तर्जुमा कार्यशाला | ६ स्थानीय तहका कार्यपालिका सदस्य तथा सरोकारवालाहरू |
| प्रसूति केन्द्रको प्रसुति भवन मर्मत तथा सुढृढिकरण पर्वतः (बाजुङ्ग, उरामपोखरा, होश्राङ्दी, शंकरपोखरी र लिमिठाना, ) म्याग्दीः भकिम्ले, लुलाङ्ग र मर्याङ्ग) | ५ (३ वटा प्रक्रियामा) |
| प्रसूति केन्द्र सम्बन्धि उपकरण वितरण | ४३ बर्थिङ्ग सेन्टर |
| स्टाफ नर्स तथा अ.न.मि.हरुलाई २ महिने दक्ष प्रसूतिकर्मी (SBA) तालिम | १७ जना सहभागी |
| दक्ष प्रसूतिकर्मीलाई ग्रामीण अल्ट्रासाउण्ड सम्बन्धी (RoUSG) तालिम | २ जना सहभागी |
| दक्ष प्रसूतिकर्मीलाई ग्रामीण अल्ट्रासाउण्ड मेशिन सहयोग (बिहादी, मोदी, महाशिला, जलजला गाउँपालिका र बेनी नगरपालिका) | ५ थान |
| लामो अवधिको परिवार नियोजन साधन (इम्पलान्ट र आ.यु.डि.) तालिम | ४ जना |
| प्रसुति केन्द्रमा सेवाको गुणस्तर सुधारमा सहयोग (MSS/ QIP) | ८२ पटक |
| बर्थिङ्ग सेन्टरका दक्ष प्रसूति कर्मीहरुलाई स्थलगत कोचिङ र मेन्टरिङ | २६ पटक |
| हब र सब प्रसुति गृहमा सिमुलेसनमा आधारित अनसाइट कोचिंग एण्ड मेन्टोरिङ्ग कार्यक्रम (म्याग्दी जिल्लामा मात्र) | १२ स्वास्थ्य संस्था |
| गर्भवती, सुत्केरी महिला तथा परिवारसँग अन्तक्रिया कार्यक्रम | २१ समुदाय |
| विद्यालय स्वास्थ्य कार्यक्रम | १६ बिध्यालय |
| गर्भवति तथा सुत्केरी संग नर्स कार्यक्रम तथा सुत्केरी हेल्पलाइन सेवा | ८८ जना नर्सिङ्ग सेवा प्रदायक |

| | |
|---|---|
| सुत्केरी प्रेषण कोष स्थापना तथा संचालन लुङ्खु देउरालि प्रा.स्वा.के, मर्याङ्ग र लुलाङ्ग स्वास्थ्य चौकी | ३ स्वास्थ्य संस्था |

**आ.व. २०७९/८० मा भएको खर्चः** **पर्वतः** ने.रु. १,९४,२७,८०३।००(एक करोड चौरानब्य लाख सत्ताइस हजार आठ सय तिन रूपैया मात्र) **म्यागदीः** रु. १,७६,२२,९३५।००।(एक करोड छयत्तहर लाख बाइस हजार नौ सय पैतिस रूपैया मात्र।

**आ.व. २०८०/८१ को स्वीकृत अनुमानित बजेटः** ८८,०८,५७७।०० (अठासि लाख आठ हजार पाँच सय सत्हत्तर रूपैया मात्र।

## जिभाय नेपाल

जिभाय नेपाल गण्डकी प्रदेशको कास्की जिल्लामा २०७१ मा स्थापना भइ कम्पनी रजिस्ट्रार कार्यालयमा नाफा रहित तथा सेवामूलक संस्थाको रुपमा दर्ता तथा समाज कल्याण परिषद मा आबद्ध भइ गण्डकी प्रदेशका बिभिन्न जिल्लाहरु (लमजुङ,कास्की , पर्वत र बागलुङ) मा मुख स्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ ।

जिभाय फाउन्डेसन अमेरिकाको आर्थिक सहयोग तथा नेपाल सरकार अन्तर्गत का बिभिन्न स्थानिय तह (प्रदेश, स्थानीय) संगको समन्वय र सहकार्यमा विभिन्न मुख स्वास्थ्य सम्बन्धी गतिबिधिहरु संचालन गर्दै आइरहेको छ । स्वस्थ जीबन जिउनको निम्ति मुख स्वास्थ्य सम्बन्धी बेलैमा ध्यान दिइ सहि बानि बसालियो भने दाँत र मुखमा हुने सामान्य देखि क्यान्सर सम्मको भयाबह समस्याबाट टाढा रहन सकिन्छ ।यसै कुरालाई मध्यनजर गरि मुख स्वास्थ्य परियोजनाले समुदायमा मुख स्वास्थ्य सम्बन्धी समस्याहरुको न्यूनीकरण गरि जनचेतना जगाउने उदेश्य लिएर बिद्यालय/समुदायमा बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ ।

**भौगोलिक कार्यक्षेत्रः** गण्डकी प्रदेशका ४ जिल्लाहरु ( कास्की ,पर्वत, लमजुङ र बागलुङ)

**कार्यकमको नामः** मुख स्वास्थ्य परियोजना

**बिषयगत कार्यक्षेत्रः मुख स्वास्थ्य सम्बन्धी सचेतना तथा उपचार**

- साप्ताहिक दन्त क्लिनिक संचालन
- विद्यालय मुस्कान कार्यक्रम
- विद्यालय स्क्रीनिंङ तथा सचेतना कार्यक्रम
- समुदाय स्क्रीनिंङ तथा सचेतना कार्यक्रम

**कार्यक्रमका लक्षित समुहः** कार्य क्षेत्र भित्रका सम्पूर्ण विद्यार्थीहरु तथा समुदाय

**आ.व. २०७९/८० मा सम्पादित कार्यक्रम तथा उपलब्धीहरुः**

- १२० विद्यालयका ५३८२ जना बालबालिकाहरुमा दैनिक फ्लोराइड यूक्त दन्त मन्जनले दाँत माझने बानीको बिकास भएको छ।
- ८५ ओटा विद्यालयहरुमा प्याकेजिंङ खाजा निषेध गर्नको लागि पैरवी गरिएको ।
- २३० जना शिक्षकहरुका लागि मुख स्वास्थ्य सम्बन्धी समस्याहरुको न्यूनीकरणका लागि अभिमूखिकरण कार्यक्रम संचालन गरिएको थियो ।
- ७० विद्यालयका २५६० बालबालिकाहरुमा स्क्रिनिंग तथा सचेतना कार्यक्रम संचालन गरिएको।
- ८ ओटा सप्ताहिक दन्त क्लिनिक संचालन गर्दा १४७४ जना बिरामीहरुलाई उपचार गरिएको
- गाउँपालिका/ नगरपालिकाको समन्वय र सहकार्य मा समुदायमा १७६० बिरामीहरुको उपचार गरिएको।
- ७५जना सामुदायिक महिला स्वयं सेविकाहरुका लागि मुख स्वास्थ्य सम्बन्धी अभिमूखिकरण गरिएको।
- २४ जना आधारभुत मुख स्वास्थ्य सेवा प्रदायकहरुका लागि मुख स्वास्थ्य सम्बन्धी क्षमता अभिवृद्धि तालिम संचालन गरिएको ।
- ६० जना स्थानिय खुद्रा व्यापारीहरु लागि मुख स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरियो।
- बिस्व स्वास्थ्य दिबसको अबसरमा अन्तर स्वास्थ्य/ बिज्ञान कलेज हाजिरीजबाफ प्रतियोगिता स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको आयोजना तथा जिभाय नेपाल साथै अन्य संस्थाको सहयोगमा संचालन गरियो ।
- विश्व मुख स्वास्थ्य दिबसको अबसरमा बिभिन्न जनचेतना मुलक कार्यक्रम संचालन गरियो ।
- स्थानियतहहरुले आफ्ना नीति तथा कार्यक्रममा मुख स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु समाबेश गर्न शुरुवात (मुख स्वास्थ्यका लागि मात्र खर्च रु ९ लाख -प्राबिधीक सहयोग)

**आ.व. २०७९/८० मा भएको खर्च :** रु. ९००२८८१२/-

**आ.व. २०८० /८१ मा को लागि स्वीकृत :** रु. १,१०,९६,८२५/-

## बहुसाँस्कृतिक मनोसामाजिक संस्था नेपाल (टि.पि.ओ नेपाल)

**संक्षिप्त परिचयः**

बहुसाँस्कृतिक मनोसामाजिक संस्था नेपाल (टि.पि.ओ नेपाल) जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा मिति २०६२-०२-२३ मा दर्ता भई समाज कल्याण परिषद्मा मिति २०६२-०४-०७ मा आवद्ध भएको मनोसामाजिक सु—स्वास्थ्य र मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत एक गैरसरकारी संस्था हो

। यस संस्थाले स्थापना काल देखि नै मनोसामाजिक, मानसिक स्वास्थ्य सेवा सहयोग तथा यससँग सम्बन्धित तालिम, अध्ययन, अनुसन्धानका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**भौगोलिक कार्यक्षेत्रः** पर्वत तथा कास्की

**बिषयगत कार्यक्षेत्रः** मानसिक स्वास्थ्य

**कार्यक्रमको नामः** RESHAPE

**कार्यक्रमका लक्षित समुहः** Medical officer, HA, Sr/AHW, Sr/ANM, FCHVs, service users

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

- नेपाल सरकारको मापदण्ड अनुसार Medical Officer, HA, Nursing staff, FCHV लाई NHTC Module १, २, ३ को तालिम
- पर्वत तथा कास्की जिल्लाका ८ गाँउ तथा नगरपालिका अन्तगतका स्वास्थ्यकर्मी तथा म.स्व.से ( पर्वत कुशमा न.पा, फलेवास न.पा, मोदि गा.पा, विहादी गा.पा, पैंयु गा.पा, कास्कीः अन्नपूर्ण गा.पा, माछापुच्छे गा.पा, रुपा गा.पा

**आ.व. २०७९/८० मा भएको खर्च :** ९०५३६८२

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट**

- पोखरा महानगरपालिका अन्तगतका स्वास्थ्यकर्मी तथा म.स्व.से लाई Module १, २ and ४ को तालिम प्रदान गर्ने ।
- स्वास्थ्यकर्मिहरुले पाएका मानसिक स्वास्थ्य तालिम तथा उनिहरुले दिएका सेवाहरुको मूल्याङ्कन गर्ने र तथा विरामीहरुमा उपचारको प्रभावकारिताको लेखाजोखा गर्ने ।
- **बजेटः रु** १०२३८१५०

## kl/of]hgfsf] gfdः MOMENTUM प्राइभेट हाइल्थकेयर डेलिभेरी

**संक्षिप्त परिचयः** अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) ले विश्वभरका आफ्ना परिवार योजना एवं प्रजनन् स्वास्थ्य स्याहारको समग्र सुधारका लागि छनोटगरेको नवीनतम कार्यक्रमहरुको एउटा हिस्सा हो MOMENTUM प्राइभेट हाइल्थकेयर डेलिभेरी। यस परियोजनालाई MOMENTUM नेपाल भनेर पनि बुझ्न सकिन्छ । यस परियोजनाले स्वेच्छिक परिवार योजना एवं प्रजनन् स्वास्थ्य स्याहार सेवा प्रदान गर्ने वातावरणलाई अझ सवल बनाउनको लागि सरकारी तथा निजी क्षेत्र बीचको साझेदारी विस्तार गर्न मद्दत पु¥याउनेछ ।

यस परियोजनाले नेपाललाई थप आत्मनिर्भर, समृद्ध तथा समाबेशी बनाउन सहयोग गर्ने लक्ष्य सहितको देश विकास तथा सहयोग रणनीति अन्तर्गत USAID नेपालको विकास उद्देश्य नं. ३ सुदृढ समावेशी स्वास्थ्य तथा शिक्षा प्रणाली हासिल गर्नमा योगदान पु¥याउनेछ ।

मे २०२१ (२०७८ जेष्ठ ३) मा USAID नेपालले MOMENTUM नेपाललाई निजी क्षेत्रको संलग्नता मार्फत विशेष गरी किशोर किशोरी (१५ — १९ वर्ष) एव युवाहरुलाइ (२०-२९ वर्ष) गुणस्तरीय तथा सेवाग्राही केन्द्रित परिवार योजना सेवा प्रवाहमा सुधार गर्नको लागि छनोट गरिएका १०५ निजी क्षेत्रका स्वास्थ्य संस्था र औषधि पसल- फार्मेसीहरूको प्राविधिक तथा व्यावसायिक क्षमतामा सुधार गर्न सेप्टेम्बर ३०, २०२२ (२०७९ असोज १४) सम्म सहायता प्रदान गरेको थियो । अक्टोबर १, २०२२ (२०७९ असोज १५) देखि परियोजनाले दोस्रो चरणसुरु गरेको छ जसको लक्ष्य पहिलो चरणको निजी क्षेत्रका लागि परिवार योजना पद्धतिलाई परिष्कृत गरि ६ प्रदेशका ६७ पालिकाहरूमा ९०० भन्दा बढी निजी स्वास्थ्य संस्थाहरुमा विस्तार गर्नु हो ।

**भौगोलिक कार्यक्षेत्रः** पोखरा महानगरपालिका, वालिङ्ग नगरपालिका, पुतलीबजार नगरपालिका, सुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका, भानु नगरपालिका, सुन्दरबजार नगरपालिका, बेसिसहर नगरपालिका, बेनी नगरपालिका, बागलुङ नगरपालिका र कुश्मा नगरपालिका ।

**बिषयगत कार्यक्षेत्रः** निजी क्षेत्र मार्फत किशोर किशोरी तथा युवाहरुलाई गुणस्तरीय परिवार योजना सेवा प्रदान गर्न र परिवार योजनाका सेवा पद्धतिलाई परिष्कृत गरि विस्तार गर्नु हो ।

**कार्यक्रमको नामः** MOMENTUM प्राइभेट हाइल्थकेयर डेलिभेरी

**स्थानीय कार्यान्वयन साझेदार संस्थाः FHI ३६०, PSI,** नेपाल सिआरएस कम्पनी

**कार्यक्रमका लक्षित समुहः** किशोर किशोरी (१५ — १९ वर्ष ) एव युवाहरुलाइ (२० — २९ वर्ष )

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

- USAID MOMENTUM Nepal परियोजनाको आयोजनामा र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको समन्वयमा सम्बन्धित सरकारी निकायहरू, सरोकार संस्थाहरू र दातृ निकायका प्रतिनिधिहरूका बिच १ प्रदेश स्तरीय परिचयात्मक गोष्ठी सम्पन्न भएको छ ।
- USAID MOMENTUM Nepal परियोजना र नगरपालिकाको समन्वयमा सम्बन्धित सरकारी निकायहरू, सरोकार संस्थाहरू र दातृ निकायका प्रतिनिधिहरूका बिच ११ वटा पालिकास्तरीय परिचयात्मक गोष्ठी सम्पन्न भएको छ ।
- २२० निजी स्वास्थ्य संस्था र फार्मेसीहरुको लेखाजोखा तथा मूल्याङ्कन सम्पन्न भएको छ ।
- अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को आर्थिक सहयोगमा FHI ३६०, PSI Nepal / Nepal CRS Company को सहकार्यमा सञ्चालित MOMENTUM प्राइभेट हेल्थकेयर डेलिभरी नेपाल परियोजना अन्तर्गत १५ देखि २९ उमेर समूहका किशोर किशोरी तथा

युवाहरुलाई गुणस्तरीय परिवार योजना सेवा उपलब्ध गराउने उद्देश्यले १३५ वटा निजि स्वास्थ्य संस्थाहरुसंग समझदारी भएको छ ।

- परियोजना लागु भएका पालिकाहरूमा विभिन्न किशोरकिशोरिहरुको आवश्यकताहरू पहिचान गर्न मानव—केन्द्रित डिजाइन(Human Centric Design) मूल्याङ्कन सम्पन्न भएको छ ।
- स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेशको समन्वयमा ३१ जना निजि स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुका लागि किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्य (ASRH) सम्बन्धी तालिम सम्पन्न भएको छ ।
- निजि स्वास्थ्य संस्थाका १३ जना सेवा प्रदायकहरुका लागि "संगिनी तीन महिने सुई" सम्बन्धी आधारभुत तालिम सम्पन्न भएको छ ।

**आ.व. २०७९/८० मा भएको खर्च : रु २३७६७६२**

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट**

- **निजि स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुका लागि किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्य (ASRH) सम्बन्धी तालिम सम्पन्न भएको (९६ जना) खर्च; ४४८८४१६**

## सुनौलो परिवार नेपाल/मेरी स्टोप्स इन्टरनेशनल

**संक्षिप्त परिचय:** मेरी स्टोप्स इन्टरनेशनल विश्वमा ३७ भन्दा बढी देशमा प्रजनन स्वास्थ्यको क्षेत्रमा कार्य गर्दै आईरहेको संस्था हो। नेपालमा प्रजनन स्वास्थ्यको क्षेत्रमा सन् १९९२ देखि कार्यगर्दै आईरहेको

**सुनौलो परिवार नेपाल:** जिल्ला प्रशासन कार्यालय ललितपुरमा वि.स २०५१ मा स्थापना भई मेरी स्टोप्स इन्टरनेशनलको साझेदारी संस्था भई कार्य गर्दै आईरहेको।

कार्यक्रमको मोडालिटी: सेन्टर, आउटरिच, एमएस लेडिज र सरकारी स्वास्थ्य संस्था सुदृढीकरण सेवा प्रदान गर्ने संस्था, सेवाग्राहीमुखी सेवा र गुणस्तरमा जोड दिने

**भौगोलिक कार्यक्षेत्र:** कास्की र तनहुँ

**बिषयगत कार्यक्षेत्र:** प्रजनन स्वास्थ्य

**कार्यक्रमका लक्षित समुह:** महिला, पुरुष र किशोरकिशोरी

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरु:**

- विभिन्न संघ/संस्था/समुह/विध्यालयहरुसँग समन्वय गरी त्यहाँका कर्मचारी, सदस्य, विधार्थी, तथा सम्पर्कमा रहेका लक्षित समुहलाई महत्वपूर्ण यौन तथा प्रजनन बिषय सम्बन्धि अभिमुखिकरण कार्यक्रम सन्चालन गरिएको, केहि प्रभावकारी उदाहरण हरु:
- श्रवण् दृश्टि विहिन संघ नेपाल को सहकार्यमा २२ जना श्रवण् दृश्टि विहिन किशोरी/ महिलाहरु का लागी यौन तथा प्रजनन बिषय सम्बन्धि अभिमुखिकारण सत्र सन्चालन गरिएको

| सेवा | आ.व. २०७९/८० |
| --- | --- |
| **MVA** | २९७ |
| **MA** | २२८ |
| **Total SA** | **५२५** |
| **Implant** | ५१ |
| **IUD** | १० |
| **Injectables** | ३७ |
| **Contraceptive Pills Cycles - Generic** | १६७ |
| **Condom** | ४८ |
| **Total Short Term** | **२५२** |
| **Ultrasound Examinations** | २८१ |
| Cervical Cancer Screening (VIA) | १२१ |

**आ.व. २०७९/८० मा भएको खर्च** : रु १०५६८७६९

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट** : रु ११८७६५६९

## नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेश

Nepal Red Cross Society

**संक्षिप्त परिचयः**

- स्थापना २०७५ साल
- १३ जना को कार्यसमिति साथ साथै १२ वटा प्रदेश अन्तर्गत गठन गरिएकासमिति तथा उपसमिति
- प्रमुख उपसमिति — लेखा र स्रोत ब्वस्थापन समिति, लैंगिक तथा सामाजिक समावेशीकरण समिति, प्राथमिक उपचार समिति, स्वास्थ्य तथा रक्तसंचार समिति, विपद तथा सङ्कट ब्वस्थापन समिति र जुनियर तथा युवा समिति
- कुल सदस्य संख्या= ८५८२०
- जिल्ला शाखा =११

**भौगोलिक कार्यक्षेत्रः** गण्डकी प्रदेश अन्तर्गत ११ वटै जिल्ला

**बिषयगत कार्यक्षेत्रः** स्वास्थ्य, सम्रक्षण, सामुदाहिक बिकास, विपद, जीविकोपार्जन,

**कार्यक्रमको नामः**

- समुदायमा आधारित बृहत स्वास्थ्य कार्यक्रम —बागलुङ

- अन्तर्राष्ट्रिय युवा साझेदारी कार्यक्रम —स्याङ्गजा र पर्बत
- डेंगी रोग सङ्क्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धि सचेतना कार्यक्रम — कास्की, नवलपुर, तनहुँ र गोर्खा
- सहरी विपद जोखिम न्यूनीकरण कार्यक्रम — कास्की
- सामुदायिक जीविकोपार्जन प्रोत्साहन कार्यक्रम —म्याग्दी
- समुदाय मा आधारित विपद जोखिम न्यूनीकरण कार्यक्रम- नवलपुर

**कार्यक्रमका लक्षित समुहः** संकासन्ना समुदाय, महिला तथा पिछडिएको समुदाय, बिपन्न वर्ग

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

- रक्तसंचार सेवा सबन्धि कार्य
- एम्बुलेन्स सेवा
- प्राथमिक उपचार सेवा
- सामुदाहिक बिकास
- लैंगिक समाबेसी कार्यक्रम
- बिपद्द राहत उद्दार

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट**

- रक्तसंचार सेवा सम्बन्धी समिक्षा तथा कार्य योजना निर्माण गोष्ठी, बजेट -१०००००
- विपद समयमा रगतको उपलब्धता सहजीकरण कार्यक्रम, बजेट — २०००००
- प्राथमिक उपचार तालिम (यम्बुलेन्स चालक यबम अन्य ), बजेट -२०००००
- यम्बुलेन्स सेवामा जिपियस ब्वस्थापन कार्य , बजेट -५००००
- आधारभूत प्राथमिक उपचार तालिम, बजेट — १५००००
- प्राथमिक उपचार र मनोसामाजिक परामर्श तालिम, बजेट -२०००००
- प्राथमिक उपचार पुर्नाताजगी तालिम , बजेट -१५००००
- यम्बुलेन्स सेवाको समन्वय वैठक/ कार्यशाला, बजेट- १०००००

## कोशिश, राष्ट्रिय मानसिक स्वास्थ्य स्वालम्बन संगठन

**संक्षिप्त परिचयः** कोशिश,मनोसामाजिक स्वास्थ्य समस्या र मनोसामाजिक अपाङ्गताको अनुभव गरेका व्यक्तिहरुद्धारा सन् २००८ मा स्थापित हो । संस्थाले मानसिक स्वास्थ्य र अपांगताको मुल प्रवाहमा मनोसामाजिक अपांगतालाई ल्याउन पैरवी गर्दै संस्था आएको छ । मानसिक स्वास्थ्य र मनोसामाजिक बिषयका मुद्धाहरुमा सामाजिक लञ्छना र कलंकको श्रृखला तोड्न कोशिशले जसको सवाल उसैको नेतृत्वलाई अवलम्वन गरेको छ ।

**भौगोलिक कार्यक्षेत्रः** गण्डकी प्रदेशको ४ जिल्लाका (लमजुङ, तनँहु, गोरखा र कास्की ) १२ बटा नगरपालिका र गाउँपालिकाहरु

**बिषयगत कार्यक्षेत्रः** गण्डकी प्रदेशको ४ जिल्लाका (लमजुङ, तनँहु, गोरखा र कास्की ) १२ बटा नगरपालिका र गाउँपालिकाहरु

**कार्यक्रमको नामः**

क) आत्महत्या रोकथाममा सवैको सहकार्य परियोजना (पोखरा महानरपालिका र लमजुङको सुन्दरवजार नगरपालिका), ख) मानसिक स्वास्थ्यलाई नेपाल सरकारको स्वास्थ्य प्रणालीमा मूल प्रवाहीकरण परियोजना (तनँहु जिल्लाका ६ बटा स्थानीय पालिकाहरु बन्दिपुर, भानु, व्यास, म्याग्दे, सुक्लागण्डकी, भिमाद), ग) समावेशी सामुदायिक मनोसामाजिक स्वास्थ्य कार्यक्रम (लमजुङको बेशीशहर, मर्स्याङदी र गोरखाको पागुङटार र सिरानचोक गाउँपालिका), घ) मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक अपाङ्गतामा रहेका महिलाहरुको उद्धार तथा पुनर्स्थापना (गण्डकी प्रदेश) ङ) स्वास्थ्य भित्र र बाहिर मानसिक स्वास्थ्य को मुल प्रवाहीकरण (गण्डकी प्रदेश)

**स्थानीय कार्यान्वयन साझेदार संस्थाः** स्थानीय तह र गण्डकी प्रदेश सरकार

**कार्यक्रमका लक्षित समुहः** मनोसामाजिक स्वास्थ्य समस्या र मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु, आत्महत्याको प्रयास गरेका,आत्महत्यावाट निधन भएका व्यक्तिहरुको परिवार, जोखिममा रहेका व्यक्ति र परिवार, नीति निमाताहरु

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

- प्रदेश सरकार र स्थानीय सरकारहरुलाई मानसिक स्वास्थ्य रणनीति वनाउन सहयोग, हाल सम्म मर्स्याङदी, बेशीशहर, पालुङटार नगरपालिकाहरुले मानसिक स्वास्थ्यको नीति,रणनीति वनाई कार्यान्यन गर्न थालेको र अन्य पालिकाहरुले निमार्ण गरिसकेको नगरपरिषदवाट पास गर्ने प्रकृयामा रहेको । पालिकाले मानसिक स्वास्थ्य सम्बन्धी वजेट छुट्याई आफ्नै वजेट बाट पालिकामा मनोविमर्शकर्ताहरु नियुक्ति गरी कार्यक्रमहर संचालन गरेको ।

- तनँहु जिल्लाका ५३ जना र लमजुङ ३७ जना स्वास्थ्यकर्मीहरुले स्वास्थ्यकर्मीहरुलाई mhGAP को तालिम प्रदान
- पोखरा महानगपालिका र लमजुङ को सुन्दरवजार नगरपालिकालाई कार्यक्षेत्रवनाई आत्महत्या रोकथाम सम्बन्धी गेटकिप्पर तालिम २५७ स्वास्थ्यकर्मी, १०७ प्रहरी, १२९ जना समुदायका अगुवा व्यक्तिहरुलाई तालिम प्रदान गरी आत्महत्या रोकथाममा काम गर्ने थालेको ।
- पोखरा महानगरपालिका भित्र दुई र सुन्दरवजार नगरपालिकामा नगरस्तरिय बहुपक्षिय आत्महत्या रोकथाम सहयोग समिति निर्माण गरी आत्महत्या रोकथाममा परिचालन गर्दै आएको ।
- आत्महत्या रोकथामका पत्रकार महासंघ कास्कीको सहकार्यमा आत्महत्या रोकथामका लागि सम्बेदनशिल मिडिया रिपोटिङ निर्देशिका २०८० तयार ।
- सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालयको सहकार्यमा गण्डकी प्रदेशको मानसिक स्वास्थ्यको प्रोफाइल तयार ।
- १२ वटा स्थानीयतह मातहतमा रहेका ३९ वटा स्थानीय स्वास्थ्य संस्थाहरु (पोखरा २, तनँहु ११, लमजुङ र गोरखा २४) वाट मनोसामाजिक र मानसिक स्वास्थ्यको सेवासुरु भएको छ । ११२१ जनाले (९६७ तनँहुमा र १५४ पोखरामा) मनोपरामर्श सेवा पाएका छन् ।
- मानसिक स्वास्थ्य समस्याको अनुभव गरेका व्यक्तिहरुको स्वाबलम्बन समूहहरु निर्माण र परिचालन ( ४ लमजुङ, ११ तनँहु, ५ कास्कीमा) जसवाट १९५ जना सेवाग्राहीहरु लाभान्वित भएका छन् । ११२ जनाले आर्य आर्जनमा सहयोग पाएका छन् । १२१ जना सहयोगीकर्ता एवं परिवारका सदस्यहरुलाई स्व हेरचाह सम्बन्धी सेसनहरु प्रदान गरिएको छ ।
- कोशिशकै सहजिकरणमा २८४ (४४ तनँहु, ५० पोखरा, १९० लमजुङ र गोरखा) जनाले मनोसामाजिक अपांगताको परिचयपत्र लिनु भएको छ ।
- नीति निर्माता, जनप्रतिनिधिहरुलाई आत्महत्या रोकथाम एवं मानसिक स्वास्थ्य सचेनता कार्यक्रममा सहभागी गराईएको । ९२४९ जना जनप्रतिनिधि, ५५५८ समुदायका व्यक्तिहरु लाभान्वित हुनुभएको । नीति निर्माता र समुदायका व्यक्तिहरुको मानसिक स्वास्थ्य प्रतिको दृष्टिकोणमा सकारात्मक परिर्वतन भएको ।
- मानसिक स्वास्थ्य समस्या तथा मनोसामाजिक अपाङ्गतामा रहेका २० महिलाहरुको उद्धार तथा पुनर्स्थापना मागरिएको छ ।
- गण्डकी प्रदेश सरकारको मानसिक स्वास्थ्य सम्बन्धि सूचना शिक्षा सामाग्री तयार गर्न सहकार्य गरेको

- पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मानसिक स्वास्थ्यको अन्तरङ्ग सेवा सुरु गर्नका लागि नियमिति समन्वय तथा वकालत गरिरहेको
- स्वास्थ्य निर्देशनालय र मानव अधिार आयोग संग मिलेर मानसिक स्वास्थ्यको निती तथा कार्यक्रम सम्बन्धि प्रदेश स्तरिय गोष्ठि सम्पन्न गरेको ।
- नियमित पैरवी तथा सहजिकरण गरि स्थानिय तहबाट मानसिक स्वास्थ्यको लागि बजेट विनियोजन गरिएको

**आ.व. २०७९/८० मा भएको खर्च**

लमजुङ र गोरखा रु. ७८,५९,५६१।००, कास्कीः रु ९९,८७,०८०।००, तनँहु : रु ८०,३७,३४७।०० गरी जम्मा रु २,५८,८३,९८८।००

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट**

- प्रदेश सरकार र स्थानीय सरकारहरुलाई मानसिक स्वास्थ्य रणनीति र कार्ययोजना वनाउन सहयोग
- मनोसामाजिक अपांगता अधिकार प्रवर्धन र युएनसिआरपीडी कार्यान्यवनमा स्थानीय र प्रदेश सरकारसंग सहकार्य र समन्वय ।
- मनोसामाजिक अपागतामा रहेका व्यक्तिहरुको हक अधिकार प्रवर्धन गर्न स्वाबलम्न समूहहरु निमार्ण र परिचालन
- बिध्यमान स्वास्थ्य संरचनामा मनोसामाजिक र मानसिक स्वास्थ्यको प्रवर्धन गर्न तालिम, गोष्ठी तथा अन्य कार्यक्रमहरु
- मानसिक स्वास्थ्य र आत्महत्या रोकथाममा बहुपक्षिय सहकार्य
- मानसिक स्वास्थ्य प्रवर्धन गर्न बिद्यालय लक्षित कार्यक्रम
- मानसिक स्वास्थ्य र आत्महत्या प्रति समुदायमा रहेको गलतधारण र लाञ्छनामा परिर्वतन गर्न सचेतनाका कार्यक्रमहरु

**स्वीकृत वजेट**

जुलाई देखि डिसेम्बर २०२३ सम्म स्वीकृत वजेट रु ५६,३६,५३०।०० (तनँहुका लागि रु. १५,५६,८९५।००, कास्कीको लागि रु. २३,५९,४०३।००, लमजुङ र गोरखाको लागि रु. १७,२०,२३२।००)

## कोपिला नेपाल

**संक्षिप्त परिचयः** कोपिला नेपाल गण्डकी प्रदेशको कास्की जिल्ला प्रसाशन कार्यालय कास्कीमा २०५७ साल भाद्र २३ मा दर्ता भइ स्थापना भएको दिन देखि सामाजिक क्षेत्रमा काम गर्दै आएको मुनाफा रहित एक गैरसरकारी सस्था हो ।

**भौगोलिक कार्यक्षेत्रः** गण्डकी प्रदेशका ९ जिल्लाहरु कास्की, तनहुं, लमजुङ्ग स्याङजा, नवलपरासी सुस्तापूर्व, गोरखा, म्याग्दी, बाग्लुङ्ग र पर्वत

**बिषयगत कार्यक्षेत्रः** बालबालिका अपागता भएका व्यक्ति, द्धन्द्ध पिडित, मानसिक स्वास्थ्य, लैङ्गिक हिसा तथा विभिन्न हिंसा प्रभावित महिला तथा किशोरीहरु

**कार्यक्रमको नामः** समान अवसरका लागि सशक्तिकरण, यातना पिडीतका लागि मनोसामाजिक सहयोग परियोजना , महिला सुरक्षा घर , कोपिला चौतारी, कोपिला बालिका संरक्षण गृह, सि सेल्टर, शान्तीका लागि लचकता , नेपाल जापान संस्कृती आदान प्रदान, ६ महिने मनोसामाजिक मनोविमर्श तालिम , अपांगता भएका ब्यक्तिहरुका लागि समावेसीकरण परियोजना

**कार्यक्रमका लक्षित समुहः** महिला बालबालिका र अपांगता भएका ब्यक्ति

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

**१. समुह गठन र सन्चालन**

- कार्यक्षेत्र भित्रका कठिन आर्थिक सामाजिक परिवेशका हिंसा तथा दुब्र्यवहारमा परेका र अपांगता भएका ४०१५ जना ब्यक्तिहरु १०४ वटा स्वावलम्वन समुहरुमा आवद्ध भै नियमित बैठकहरु संचालन र मासिक बचतलाई निरन्तरता दिनुका साथै महिला, बालबालिका र अपांगता भएका ब्यक्ति सम्बन्धित हिंसा, कानुनी न्याय र सामाजिक समावेसीताका सवालमा काम गरिरहनुभएको छ । त्यसरी नै सस्थाको सहयोगमा जिल्ला स्तरमा ५ वटा कोपिला स्वावलम्वन बिकास समाज, ८ वटा यातना पिडित समाज र ७ वटा सहकारीहरु नियमित रुपमा संचालनमा आएका छन् ।

-४२ वटा समावेसी बाल समुहहरुमा बालबालिकाहरु आवद्ध भै समुदाय सचेतीकरणमा उल्लेख्य भूमिका निर्वाह गरिरहनु भएको छ । विद्यालयस्तरमा रहेका बालकल्वहरुले सामाजिक सचेतना जगाउने काम भैरहेको छ ।

-बाल समुह, स्वावलम्वन समुह, कोपिला स्वावलम्वन बिकास समाजहरु, यातना पिडित समाजहरु र सहकारीहरुको मासिक नियमित बैठक बसि समुदायका सवालमा छलफल जानकारी आदान प्रदान गर्नुका साथै नियमित रुपमा बालबालिकाहरुका सवालमा छलफल गर्ने, बालअधिकार र कर्तब्यका बारेमा छलफल गर्ने काम भएको छ । अपांगता भएका बालबालिकालाई कसरी विद्यालयसंम्म ल्याउने भन्ने बारेमा छलफल नियमीत हुने गरेको छ ।

**२. तालिम तथा सचेतनाको माद्यमव्दारा क्षमता अभिबृद्धिः**

-१६ जना बालबालिकाहरुले बिकासका लागि नाटक प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गर्नुभएकोछ ।

-२५ जना बालबालिकाले ५ दिने बालअधिकार तालिम प्राप्त गर्नु भै २२८ जना अन्य साथीहरुलाई बालअधिकार र कर्तब्यका सवालमा आफ्ना समूहमा प्रशिक्षण दिने काम गर्नु भएको छ ।

-समुदायका अगुवाहरु १०२१५ जनाले बिभिन्न प्रकारका सचेतना मुलक तालिम, गोष्ठि र भेला तथा छलफलहरुमा भाग लिनुभएको छ ।

-६ महिने मनोविमर्श तालिमबाट १७ जना मनोविमर्शकर्ताहरु दिक्षित भएकोछ ।

-८२८ जनाले १ दिने मनोसामाजिक स्वास्थ्य सचेतना तालिममा भाग लिनु भै सनो सामाजिक स्वास्थ्यका सवालमा सचेत हुनु भएको छ ।

-१२२०० जना बिभिन्न तालीम गोष्ठी तथा छलफलमा सहभागी हुनुभएको छ ।

-५४९० जना ३ दिन भन्दा लामो महिला अधिकार, बाल अधिकार अपांगता, समावेशीता, लैंगिक हिंसा र मानसिक स्वास्थ्य, व्दन्द रुपान्तरण, आय आर्जज, लेखा ब्यवस्थापन जस्ता तालीममा सहभागी हुनुभएको छ ।

-८००० जना रेडियो टेलीभिजन कार्यक्रमबाट लावान्भित हुनुभएको छ ।

-२० जना अपांगता भएका ब्यक्तिहरुले ३ महिने आवासिय सिलाई कटाई तालिम लिइ १० जनाले ब्यवसाय सुरु गर्नुभएको छ ।

**३. मनोसामाजिक मनोबिर्मश तथा मानसिक स्वास्थ्यः**

-गण्डकी प्रदेशका ९ जिल्लाका (मनांङ र मुस्तांङ बाहेक) ४८२ जना ब्यक्तिलाई मानसिक स्वास्थ्य उपचारमा नियमित रुपमा सहयोग गरिएको छ ।

-गण्डकी प्रदेशका ९ जिल्लाका (मनांग र मुस्ताङ्ग बाहेक) कार्यक्षेत्र भित्रका आघातमा रहेका ६२८ जनाले कोपिला नेपालको मनोविमर्शकर्ताबाट वहांहरुको समुदायरपरिवारमा नै मनोविमर्श सेवा लिनुभएको छ।

-समुदायमा दिइदै आइएको मनोविमर्श सेवालाई निरन्तरता दिनुका साथै पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा स्थापना गरिएको मनोविमर्श केन्द्रलाई थप प्रभावकारी रुपमा निरन्तरता दिइयो । जसबाट २०६ जनाले मनोविमर्श सेवा प्राप्त गर्नुभएको छ । समुदायमा दिइदै आइएको मानसिक स्वास्थ्य उपचार सहयोग र पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा कठिन आर्थिक परिवेशका मानसिक स्वास्थ्यका समस्या भएका ब्यक्तिहरुको उपचारका लागि गरीवि सहायता कोष उपलब्ध गराइएको छ भने उक्त कोषबाट ३१० जना मानसिक स्वास्थ्य समस्या भएका कठिन आर्थिक परिवेशका ब्यक्तिहरुले नियमित रुपमा निशुल्क मानसिक स्वास्थ्य उपचार सेवा लिइरहनु भएको छ।

-कार्यक्षेत्र भित्रका सबै जिल्ला र पालिकाहरुमा अपांगता दिवस, मानसिक स्वास्थ्य दिवस, महिला अधिकार दिवस, महिला हिंसा बिरुद्धको १६ दिवसिय अभियान, अपांगता दिवस, बाल अधिकार दिवस जस्ता महिला बालबालिका, अपांगता र मानसिक स्वास्थ्यसंग सबन्धित दिवसहरु समुदाय र सरोकारवालाहरुको उल्लेख्य सहभागितामा मनाइदै आइएकाछौ ।

-मानसिक स्वास्थ्य समस्याका कारण कोठामा थुनेर राखेको ब्यक्ति नियमित मानसिक स्वास्थ्य उपचार र मनोविमर्श सेवाबाट हाल दैनिक कृयाकलापमा फर्केर परिवारलाई आर्थिक सहयोग गर्न सफल भएका छन् भने सबै सार्वजनिक कार्यक्रमहरुमा एकल महिलाहरुलाई बोलाएर आतित्थ्यता गराइन्छ ।

-१५ जना महिलाहरुलाई मानसिक स्वास्थ्य उपचार गरी  आफ्नो घरमा पुनस्थापना गरीएको छ ।

**४. जिविकोपार्जनमा सहयोगः**

- स्वावलम्वन समुहहरुमा आवद्ध ३३३ जनाले कोपिला नेपालबाट बिउँपुंजी लिएर  र ४०३ जनाले स्वाभलम्वन समुहहरुव्दरा संचालित बचत तथा सहकारीहरुबाट ऋण लिएर आय मुलक कामहरु गरि घर परिवारको आर्थिक समस्या समाधान गर्न सफल हुनु भएको छ ।

-७ वटा सहकारी, समुह बचत तथा सामुहिक ब्यापारको माध्यमबाट ७३६ जना महिला र अपांगता भएका ब्यक्तिहरु नियमित बचत गर्न आफ्नो घरायसी आर्थिक समस्या समाधान गर्न सक्षम भएका छन् ।

-यस वर्ष संस्थाले ६६३ जना बालबालिकाहरुले शैक्षिक सामाग्री सहयोग प्राप्त गरेकोछ साथै २० जनाले अध्ययनका लागि छात्रवृती पाएका छन्।

-यौनजन्य हिंसा तथा बलत्कारमा परेर सुरक्षागृहहरुमा सिफारिस भै आएको २० जना बालबालिकाहरु शिशु स्याहार देखि ब्याचलर लेभल सम्मको अध्ययन गरीरहेका छन ।

**५. संरक्षण र सामाजिक पूर्नस्थापनाः**

-महिला सुरक्षा घरमा ७९ जना महिलाहरुले सुरक्षा प्राप्त गर्नुभएकोछ । १० जना स्वरोजगारमा लाग्नुभएको छ भने २१ जना परिवार पुर्नस्थापना हुनुभएको छ । अन्य ५८ जना अहिले पनि संस्थाको संरक्षणमा रहेका छन् । ५८ जना मध्ये ९ जना कालिका सुरक्षित समुदायमा बसेर कृषि र पशुपालन संलग्न हुनुका साथै उनीहरुको मानसिक स्वास्थ्य सुधारमा सहयोग पुगेको छ ।

-अपांगता भएका ३०१ जनाले सहयोगी सामग्री प्राप्त गर्नु भएको छ जसले गर्दा वहांहरुको दैनिक जिवन  यापनमा सहज भएको कुरा बताउनु छ ।

**६. वकालत र पैरवीः**

-सस्थाका कर्मचारीहरु ५१९ वटा समन्वय, सहकार्य र सन्जाल बैठकहरुमा सहभागि भएर लक्षित वर्गको सवालमा आवाजहरु उठाउने काम गर्नु भएको छ ।

-स्थानिय तहमा सम्बन्धित सरोकारवालाहरुको भेला गरि लक्षित समुह र सरोकारवालाहरुको प्रत्यक्ष्य उपस्थितिमा कार्यक्रम योजना र उपलब्धि सार्वजनिकिकरण गरिएकोछ । १०८ जनाले, नागरिकता, जन्मदर्ता, बिबाह दर्ता, अपांगता परिचय पत्र प्राप्त गर्नु भएको छ साथै सम्पतीको अधिकार प्राप्त गर्नुभएको छ।

-समुहका धेरै जसो सदस्यहरुको नागरिकता बैंक खाता हुनुका साथै आफ्नो कमाइमा उनीहरुको नियन्त्रण बढ्दै गएकोछ भने सम्पतीको अधिकार पनि विस्तारै पाउन थाल्नु भएको छ ।

**७. प्रकोप प्रतिकार्य प्रभाव न्यूनिकरणमा भएका प्रयासहरु :** एफ एम रेडीयोसंगको सहकार्यमा प्रकोप न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम संचालन गरीएको छ जसले प्रकोप न्यूनीकरणका सचेतना बढेको कुरा समुहहको छलफलमा बताउने गर्नु भएको छ ।

आ.व. २०७९/८० मा भएको खर्च : रु **४,२२,६९,७८१**

आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट (गण्डकी प्रदेश अन्तर्गत मात्र)

| **कार्यक्रम को नाम** | **स्विकृत बजेट** |
|---|---|
| महिला, बालबलगिालिक तथा किशोरी गृहका लागि सन्तुलित खाना र सुरक्षा सहित आश्रय लत्ता कपडा तथा अन्य सम्बधित खर्च | ४०,१२,०६०।०० |
| मानसिक स्वास्थ्य तथा अन्य उपचार र मनोविमर्श सहयोग, साथै अपाङ्गता भएका व्यत्तिहरुका लागि सहयागि उपकरण | ३०,००,०००।०० |
| बालबालिकाका लागि शैक्षिक सामाग्री तथा अपाङ मैत्री बिधालय निर्माण सहयोग | २८,४३,०००।०० |
| महिला बालबालिका र मानसिक स्वास्थ्यसंग संबन्धित दिवसहरु तथा चाडपर्व मनाउन सहयोग | ७,९१,३००।०० |
| आयआर्जनमा सहयोग | २७,६९,०००।०० |
| यातना पीडित तथा हिंसा प्रभावित पीडित र सरोकारवालाहरु सँग विभिन्न प्रकारका बैठक,छलफल,कर्मचारीहरुको क्षमता विकास तथा शिप विकास,विभिन्न कार्यशाला विभिन्न तहका सरकार सँग अन्तर्क्रिया तथा वकालत गर्ने। | ७०,००,०००।०० |
| सेवाग्राहीका लागि कानुनी सहयोग | ४,५०,०००।०० |

| | |
|---|---|
| नेपाल जापान सस्कृति अदान प्रदान कार्यक्रम | ३,००,०००।०० |
| परीयोजनाको अवलोकन तथा मासिक कार्य योजना खर्च | १५,००,०००।०० |
| सस्थाको बिकास तथा बिस्तारको लागि सन्जालिकरण तथा समन्वय | २०,०००,००।०० |
| प्रसाशनिक खर्च | २०,००,०००।०० |
| कर्मचारी तलब तथा सम्बन्धित खर्च | ६०,४७,०००।०० |
| **जम्मा** | **३२,७,१२,३६०।००** |

## गोर्खा वल्फेयर ट्रस्ट नेपाल

**संक्षिप्त परिचयः** गोर्खा वेल्फेयर ट्रष्ट नेपाल भु.पु. वेलायत गोर्खा सैनिक, वँहाहरुको आश्रित परिवार तथा समुदाय लाई सहयोग गर्न ई.स. १९६९ सालमा नेपालमा स्थापना भएको वेलायतमा आधारित एक परोपकारी संस्था हो । स्थापना काल देखि नै यस संस्थाले भु.पु. गोर्खा सैनिक र वँहाहरुको आश्रित परिवार तथा समुदाय लाई ब्यक्तिगत तथा सामुदायिक सहयोगहरु उपलब्ध गराउदै आइरहेको छ । जसभित्र भु.पु. गोर्खा सैनिक तथा वहाँहरुको आश्रित परिवारको लागि कल्याणकारी पेन्सन, निशुल्क स्वास्थ्य उपचार, घर, आवाश गृह र समुदायको लागि खानेपानी आयोजना, विद्यालय भवन निर्माण साथै निशुल्क विशेषज्ञ स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरु प्रमुख छन् ।

**भौगोलिक कार्यक्षेत्रः** कास्कि, तनहु, लमजुङ्ग, गोर्खा, म्याग्दी र तनहु

**बिषयगत कार्यक्षेत्रः** स्वास्थ्य, भौतिक संरचना, सामुदायिक परियोजनाहरु (खानेपानी, स्वास्थ्य शिविर ईत्यादि )

**कार्यक्रमका लक्षित समुहः** गोर्खा भुपु सैनिक तथा वँहाहरुको आश्रित तथा ग्रामिण समुदाय

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः** जम्मा २७०३४ जनालाई बहिरङ्ग तथा घरदैलो सेवा प्रदान गरिएको जस अन्तर्गत रु ७६३४७६६० खर्च भएको

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट :** कार्यालय तथा घरदैलोमा वहिरङ्ग तथा पुर्नस्थापना सम्बन्धि स्वास्थ्य सेवा । बजेट रु २०११६५२८७९

## नेपाल परिवार नियोजन संघ

FPAN Family Planning Association of Nepal

**संक्षिप्त परिचयः** बि.सं २०३४ सालमा स्थापना भइ यौन तथा प्रजनन् स्वास्थ्यको क्षेत्रमा कार्यरत रहेको।

**भौगोलिक कार्यक्षेत्रः** पोखरा महानगरपालिका

**बिषयगत कार्यक्षेत्रः** यौन तथा प्रजनन स्वास्थ्य

**कार्यक्रमको नामः** डाक्टरबाट सञ्चालित परिवार स्वास्थ्य केन्द्र (शाखा क्लिनिक) १
पारामेडिक्सबाट सञ्चालित सामुदायिक क्लिनिक — १

**कार्यक्रमका लक्षित समुहः** किशोर किशोरी तथा युवा, १५ देखि ४९ वर्ष भित्रका उर्वरा दम्पति, नवजात शिशु तथा बाल बालिका, गरिव, सिमान्तकृत तथा सेवाका पहुच बाहिरका व्यक्तिहरु,लैङ्गिक हिंसामा परेका महिला तथा पुरुषहरु बसाई सराई गर्ने व्यक्तिहरु, एच.आई.भि.संक्रमित व्यक्तिहरु, एल.जि.वि.टि.आई. व्यवहारमा रहेका व्यक्तिहरु, यौन श्रमिक महिला, पुरुष

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

- परिवार नियोजन सेवा ५३९७२
- स्त्रि रोग सेवा २१९६७
- एच.आई.भि. एड्स सेवा २५६९३
- गर्भावस्था तथा गर्भ पश्चात स्वाथ्य जाच ५९३३
- सुरक्षित गर्भपतन सेवा ३८४९
- पिसाव संक्रमण परिक्षण २५२
- यौन जन्य संक्रमणको जाच तथा सेवाहरु २४७८७
- सि.वाइ.पि. (कपल इयर प्रोटेक्सन ) ३४३३ं.७
- सुरक्षित गर्भपतन सेवा लिने संख्या (एम.ए.(औषधी)-एम.भि.ए.(औजार)) ८६०
- पाठेघरको मुखको क्यान्सर जांच गर्नेको संख्या ३३२
- शिशु स्वास्थ्य परिक्षण ४५
- बाझोपन जाच तथा परामर्श सेवा १०४

**आ.व. २०७९/८० मा भएको खर्च**

- नेपाल परिवार नियोजन संघ कास्की शाखाको वार्षिक खर्च ४१,३०,५६५.३५

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट**

- नेपाल परिवार नियोजन संघ कास्की शाखाको वार्षिक कार्यक्रम तथा बजेट ४४,६३,१०२.३६

**Citizen''s Association for Nepal Exchange**

**संक्षिप्त परिचय :** सिटिजन एसोसिएटन फर नेपाल एक्सेन्ज र पोखरा कोमागाने सिटिजन यसोसिएन फर नेपाल एक्सेन्जको सहकार्यमा " Project for Continuum of Care in Maternal and Child Health in Pokhara " मातृशिशु मितेरी अस्पतालमा अवस्थित भइ यस परियोजनाको कार्यक्षेत्रमा आमा र शिशु स्वास्थ्यको सुधारकालागि काम गर्दै आइराखेको छ ।

यस संस्थाले आमा र शिशु स्वास्थ्य पुस्तिकाको प्रयोग मार्फत समुदायमा आमा र बच्चाहरूको स्वास्थ्यको सुरक्षा गर्ने दृष्टिकोण राखेको छ, जसमा पोखराका विभिन्न स्वास्थ्य संस्थाहरू र समुदायसँग सहकार्य गरी गर्भवती आमाहरू र प्रसवपछि उनीहरूका बच्चाहरूको हेरचाह गर्न टोलीको रूपमा काम गरीराखेको छ।

यस परियोजनाले दुर्गम क्षेत्रहरूमा गर्भवती महिलाहरूका लागि "प्रसूति प्रतिक्षा गृह" को प्रयोगलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ जहाँ चिकित्सा हेरचाहको पहुँच गाह्रो छ।

**भौगोलिक कार्यक्षेत्र :** पोखराका वार्ड न. १६, १९, २०, २५ र ३० र साथै रुपा, मादि र माछापुच्छ्रे पालिका

**बिषयगत कार्यक्षेत्र :** मातृ तथा शिशु स्वास्थ्य

**कार्यक्रमको नामः** मातृशिशु स्वास्थ्यका लागि अभिक्षिन्न हेरचाह परीयोजना

**स्थानीय कार्यान्वयन साझेदार संस्थाः** पोखरा कोमागाने सिटिजन यसोसिएन फर नेपाल एक्सेन्ज

**कार्यक्रमका लक्षित समुहः** (A) **स्वास्थ्यकर्मीः**

➢ Continuum of Care सुधार गर्न, विभिन्न स्तरको स्वास्थ्य सेवाहरू बीचको सहकार्य प्रदायकहरू महत्त्वपूर्ण छन्। तसर्थ निम्न कर्मचारीहरूलाई लक्षित रूपमा चयन गरिएको छ।

**समूह**

➢ मातृशिशु मितेरी अस्पतालका कर्मचारीहरू

➢ शिसुवा अस्पतालका कर्मचारी

➢ लक्षित क्षेत्रका हेल्थ पोस्ट र प्राथमिक उपचार केन्द्रका स्थानीय सरकारी संस्थाका कर्मचारीहरू

➢ लक्षित क्षेत्रका महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीहरू (FCHVs)

(B) **बासिन्दाहरू :** पोमनपा वार्ड न. १६, १९, २०, २५, ३० र माछापुच्छ्रे क्षेत्र,, मादि क्षेत्र र रुपा गाउपालिकाका गर्भवती महिला र परिवार जो स्वास्थ्य सेवा पहुँच गर्न गाह्रो छ

**आ.व. २०७९/८० मा सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरु :**

**तालिमः** स्वास्थ्यकर्मी र महिला स्वयंसेबिकाको क्षमता र वृद्धिविकास

**मसाजः** KBM मसाजद्वारा सुत्केरी आमामा देखिएका स्तनमा समस्याको समाधान

**परामर्शः** ANC/PNC काउन्सिलिङ मार्फत गर्भवती र सुत्केरी आमाको ज्ञानको वृद्धिविकास

**माया परियोजनाः** मातृशिशु मितेरी अस्पतालमा जन्मिएका नवजातशिशुहरुलाई टोपि र पन्जा वितरण

**आ.व. २०७९/८० मा भएको खर्च :**

- प्रशासनिक लागतः रु. १७९१५०; कार्यक्रम लागतः रु. ७२४०००

**आ.ब. २०८०/८१ को कार्यक्रम तथा बजेट :** तालिमः रु.२९५५०००; अन्यः २७२६०००

## निम्याट नेपाल

**संक्षिप्त परिचयः** निम्याट नेपाल युवाहरुले नेतृत्व गरेको एउटा गैर-सरकारी संस्था, जसले विश्व स्वास्थ्य संगठनको (WHO १+१ Youth Initiative) र आफ्नै PAY सिदान्तलाई पालना गर्दै क्षयरोग अन्त्य लक्ष्यमा पुग्न विभिन्न गतिविधिहरू गर्दै आइरहेको छ।

**भौगोलिक कार्यक्षेत्रः** नेपालका सातै प्रदेशहरुमा यसको संजाल र कार्यक्षेत्र रहेको छ,

**बिषयगत कार्यक्षेत्रः** क्षयरोग अन्त्यका लागि गरिने विभिन्न गतिविधिहरू,

**कार्यक्रमको नामः** क्षयरोग विरुद्ध राष्ट्रिय युवा अभियान,

**कार्यक्रमका लक्षित समुहः** युवा, क्षयरोगका बिरामीहरु,

**संस्थाको हालसम्मका सम्पादित प्रमुख कार्यक्रम तथा उपलब्धीहरुः**

- क्षयरोग सम्बन्धी १००+ विद्यालय स्वास्थ्य कार्यक्रमहरु
- पोखराका विभिन्न ठाउँहरुमा फ्लाश्मोब कार्यक्रमहरु
- हेल्थ टि.भि.मा टि.बि. कुइज़ म्यानिया आयोजना
- समुदायमा आधारित १०+ क्षयरोग साक्षरता कार्यक्रमहरु, जनचेतनामुलक र्याली
- नेशनल तथा क्रश-कन्ट्री युथ डाइलग टु इन्द् टि.बि.
- क्षयरोग अन्त्यका लागि गण्डकी प्रदेशमा प्रथम प्रादेशिक युवा सम्मेलन आयोजना
- क्षयरोग अन्त्यका लागि सरोकार निकायहरुसँग सहकार्य
- क्षयरोग सम्बन्धी १५+ युवा परामर्शका कार्यक्रमहरु
- राष्ट्रिय क्षयरोग रणनीति योजना निर्माणका लागि युवा सहभागिता
- क्षयरोगका बिरामीहरुलाई पोषण परामर्श
- क्षयरोग विरुद्ध राष्ट्रिय युवा अभियान कार्यक्रममा ७ वटै प्रदेशमा संजाल बिस्तार
- प्रतिजैविक प्रतिरोध रोकथामका एड्भोकेसी कार्यक्रमहरु

**संस्थाको हाल सम्ममा भएको खर्च :**

संस्थाका हालसम्म भएका कार्यक्रमहरु स्वयमसेवाको रुपमा युवाहरुको परिचालन गरेर भएको हुनाले प्रशासनिक तथा प्राविधिक खर्च गरि चालिस हजार रुपैया रकम अनुमानित गरिएको छ।

**संस्थाको अबका आगामी कार्यक्रम :**गण्डकी प्रदेशलाई पहिलो क्षयरोग मुक्त प्रदेशको अवधारणा अन्तर्गत प्रदेशको सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय, स्वास्थ्य निर्देशनालय, सरकारी तथा गैर सरकारी निकायहरु तथा विभिन्न सरोकारवालाहरुसंग समन्वय तथा सहकार्यका कार्यक्रमहरु संचालन गर्ने

- सुरुवाति चरणमा गण्डकी प्रदेशका ४ क्षयरोग जोकिमका जिल्लाहरुका पालिकाहरुमा क्षयरोग मुक्त रणनीति बनाइ पालिकाको स्वास्थ्य नीतिमा समावेश गर्ने
- ति सबै पालिकाका सबै वडाहरुमा रहेका missed cases हरु पत्ता लगाउने तथा patient centered care का लागि आवश्यक तयारी गर्ने
- क्षयरोग मुक्त प्रदेशका लागि १००० युवाहरु तयार गरि विभिन्न सचेतनाका गतिविधिहरु, केश नोटिफाई साथै डट्स फलोअप र पीअर-सपोर्टमा युवा परिचालन गर्ने